*सम्पूर्ण श्रमजिवी किसान एकजुट होऔं !*

# अखिल नेपाल किसान महासंघको
# विधान-२०६४
## (संशोधित विधान)


**अखिल नेपाल किसान महासंघ**
**राष्ट्रिय समिति**

# अखिल नेपाल किसान महासंघको

# विधान-२०६४

## (संशोधित विधान)

**अखिल नेपाल किसान महासंघ**

**राष्ट्रिय समिति**

**अखिल नेपाल किसान महासंघको अन्तरिम विधान- २०६४, (संशोधित विधान)**

प्रकाशक : अखिल नेपाल किसान महासंघ
केन्द्रीय कार्यालय
थापागाउँ, नयाँबानेश्वर, काठमाडौं

प्रकाशन मिति : २०७९ असोज

प्रकाशन : १००० प्रति

मूल्य : रु. १००/-

# अखिल नेपाल किसान महासंघको विधान

## २०६४

## (संशोधन २०७८)

**प्रस्तावना**

अखिल नेपाल किसान महासंघ नेपाली श्रमजीवी किसानहरूको प्रतिनिधिमूलक विषयगत, सामुदायिक र वर्गीय संघहरूको साझा छाता संगठन हो । यसको उद्देश्य सम्पूर्ण श्रमिक किसानलाई संगठित गरी उनीहरूको हक र हित तथा राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्दै न्याय र समानतासहितको आर्थिक समृद्धि कायम गर्नु हो । यसको लक्ष्य कृषिक्रान्तिको कार्यक्रम लागू गर्दै ग्रामीण क्षेत्रमा विद्यमान किसिमका विभेदहरूको अन्त्य गरी उच्च संस्कृतियुक्त समाजवाद निर्माण गर्नु हो ।

२००८ साल वैशाख १७ गते स्थापना भएको अखिल नेपाल किसान संघको रुपान्तरणबाट अखिल नेपाल किसान महासंघ बनेको हो । किसान संघको पहिलो राष्ट्रिय सम्मेलन २००९ सालमा रौतहटको मोहमदपुरमा भएको थियो भने, दोस्रो २०११ साल जेष्ठ १९-२१ बाह्रविघा धनुषामा , २०४७ अश्विन २५-२६ पोखरा कास्कीमा २०५५ मंसिर १९-२१ राजविराज सप्तरीमा चौथौ राष्ट्रिय सम्मेलन र २०६४ वैशाख ३० देखि जेष्ठ २ सम्म पोखरामा पाँचौं र २०७२ साल चैत्र २६ देखि २८ सम्म प्रज्ञाप्रतिष्ठान कमलादी, काठमाण्डौंमा छैंठौं महासम्मेलनसमेत गरी ६ वटा राष्ट्रिय स्तरमा सम्मेलन र महासम्मेलनहरू सम्पन्न भएका छन् । अखिल नेपाल किसान संघले आफ्नो स्थापनाकालदेखि जनवादी क्रान्ति सम्पन्न गरी क्रान्तिकारी भूमिसुधारद्वारा सामन्ती भूस्वामित्वको अन्त्य गर्दै जोताहा किसानलाई जमिनको स्वामित्व प्रदान गर्ने उद्देश्य राखेर विभिन्न किसिमका आन्दोलनहरू गर्दै आएको छ । यसले जनजीविका, राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र समाजवादलाई आफ्नो पहिचानको झन्डा बनाउँदै कृषिक्रान्तिको कार्यक्रमलाई अगाडि बढाइरहेको छ ।

अखिल नेपाल किसान संघ किसान महासंघमा रुपान्तरण हुने अवस्थासम्म आइपुग्दा मुलुकका कैयन क्षेत्रमा परिवर्तन र सुधारहरू भएका छन् । खासगरी भूदासप्रथामा आधारित सामाजिक-आर्थिक व्यवस्था सम्पूर्ण रुपले समाप्त भएको छ र अवैतनिक श्रममा आधारित श्रम सम्बन्ध ज्यालादारी श्रममा रुपान्तरण भएको छ । परम्परागत निर्वाहमुखी कृषि उत्पादनको ठाउँ

व्यावसायिक कृषि उत्पादनमा र सामन्तवादी उत्पादन प्रणाली पुँजीवादी उत्पादन प्रणालीमा क्रमशः रुपान्तरण हुँदै गएको अवस्था छ। यसबाट नेपाली समाजमा रहेका कतिपय पुराना वर्ग समाप्त भएका छन् र कतिपय नयाँ वर्ग देखापरेका छन्। निर्वाहमुखी कृषि प्रणालीको ठाउँ व्यावसायिक तथा औद्योगिक कृषि उत्पादनले क्रमशः लिइरहेको वर्तमान सन्दर्भमा कृषि उत्पादनमा विशिष्टीकरणलाई आधार मानेर विषयगत, सामुदायिक र वर्गीय संगठनहरू निर्माण गर्दै किसान संघलाई पाँचौं महासम्मेलनबाट किसान महासंघमा रुपान्तरण गरिएको हो।

अहिले देशमा राजतन्त्रात्मक व्यवस्था अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ। त्यसैले तदनुरुप संगठनात्मक ढाँचामा सुधार नगरी महासंघलाई परिचालन गर्न सकिने अवस्था छैन। त्यसैले महासंघको विधान २०६४ मा आवश्यक संशोधनसहित यसलाई परिमार्जन गरिएको छ। संसारको सबैभन्दा वैज्ञानिक संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयताको सिद्धान्तलाई मानिन्छ। यही संगठनात्मक सिद्धान्तका आधारमा यो विधान तयार पारिएको छ। यस विधानलाई दृढतापूर्वक अवलम्बन गर्नु किसान महासंघका सम्पूर्ण सदस्यहरुको कर्तव्य हो। किसान महासंघ र यसका घटक संगठनहरुलाई सुव्यवस्थित ढंगले परिचालनका लागि यो विधान जारी गरिएको छ।

# भाग १

**प्रारम्भिक**

**धारा १ नाम** : यसको नाम अखिल नेपाल किसान महासंघ रहेको छ। अंग्रेजीमा All Nepal Peasants' Federation भनिनेछ। छोटकरीमा यसलाई किसान महासंघ र अंग्रेजीमा ANPFa भनिनेछ।

**धारा २ प्रारम्भ** : यो विधान तत्काल लागू हुनेछ।

**धारा ३ महासंघको केन्द्रीय कार्यालय** : राष्ट्रिय समितिले तोकेको स्थानमा रहनेछ।

**धारा ४ महासंघ साझा छाता संगठन हुने** : यो नेपाल राष्ट्रका विभिन्न कृषि उत्पादनमा संलग्न विषयगत उत्पादक, सामुदायिक एवं वर्गीय किसान संघहरूको छाता संगठन हुनेछ।

**धारा ५ महासंघको कार्यक्षेत्र** : यसको कार्यक्षेत्र नेपाल राष्ट्रभर रहनेछ।

**धारा ६ महासंघको झन्डा, गीत एवं प्रतीक** :

क) यसको झन्डा माथि रातो र तल हरियो रंग आधा-आधा हुने गरी आयाताकार पृष्ठभूमिमा धानको वालाको गोलाकारमा माथिल्लो किनारमा किसान महासंघ र तल्लो किनारामा ब्ल्एँब ले जोडेको, गोलाकारको भित्री भागमा तारा र ताराको देब्रेतिरको कोणलाई हँसियाको चुच्चोले नजिकबाट लक्षित गरेको र हँसियाको बिँड दाहिनेतिरको धानको बालाको फेद र ANPFa को AN वीचमा रहेको हुनेछ। लम्बाइ चौडाइको अनुपात ३:२ को हुनेछ।

ख) यसको प्रतीक चिन्ह र छाप संघको झन्डाको गोलाकारका सबै अंगहरू र गोलाकारभित्र तारा र हँसिया अंकित झन्डाको जस्तै गरिएको हुनेछ।

**धारा ७ महासंघ स्वतन्त्र र स्वायत्त संगठित संस्था हुने :**

१. यो एक अविच्छिन्न उत्तराधिकारवाला संगठित एवं स्वशासित स्वतन्त्र संस्था हुनेछ।

२. यसको काम कारवाहीको लागि छुट्टै छाप हुनेछ।

३. यसले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्ने अधिकार हुनेछ।

४. यस महासंघमा व्यक्ति सरह आफ्नो नामबाट कानुनी उपचारमा संलग्न हुने अधिकार हुनेछ।

# भाग २
## परिभाषा

**धारा ८ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

१. किसान भन्नाले कृषि उत्पादन कार्यमा प्रत्यक्ष रुपमा संलग्न व्यक्तिलाई बुझ्नु पर्दछ।

२. विषयगत संघ भन्नाले किसान महासंघ अन्तर्गतका विभिन्न कृषि उत्पादक किसान संघहरूलाई बुझ्नुपर्दछ।

३. सामुदायिक किसान संघ भन्नाले महिला, युवा आदि समुदायमा आधारित किसान संघ बुझ्नुपर्दछ।

४. वर्गीय किसान संघ भन्नाले भूमिहीन, गरिब तथा कृषि श्रमिक जस्ता वर्गमा आधारित किसानहरुको संघ/संगठनहरूलाई बुझ्नुपर्दछ।

५. घटक संघ भन्नाले महासंघमा आवद्ध किसान सघंहरुलाई बुझ्नु पर्दछ।

६. विधान भन्नाले अखिल नेपाल किसान महासंघको विधान २०६४ लाई बुझ्नुपर्दछ।

७. सदस्य संघ भन्नाले अखिल नेपाल किसान महासंघमा आवद्ध घटक संघहरुलाई बुझ्नुपर्दछ।

८. "मातहत" समिति भन्नाले किसान महासंघअन्तर्गतका समितिहरू, विभाग, आयोग, घटक संघहरू समेतलाई बुझ्नुपर्दछ।

९. तोके वा तोकिएबमोजिम भन्नाले किसान महासंघको राष्ट्रिय समितिले तोके वा तोकिएबमोजिम बुझ्नुपर्दछ।

१०. प्रदेश, जिल्ला, पालिका र वडा भन्नाले किसान महासंघको राष्ट्रिय समितिले तोकेबमोजिमको क्षेत्रीय विभाजनलाई बुझ्नुपर्दछ।

११. आवद्ध सदस्य भन्नाले महासंघमा आवद्ध किसान संघहरूलाई बुझ्नु पर्दछ।

१२. "नियमावली" भन्नाले यस विधानअन्तर्गत बनेको नियमावलीलाई बुझ्नुपर्दछ।

१३. "पदाधिकारी" भन्नाले अखिल नेपाल किसान महासंघका पदाधिकारी बुझ्नुपर्दछ।

१४. "राष्ट्रिय समिति" भन्नाले दुई महासम्मेलन बीच सर्वोच्च संस्थाका रुपमा रहेको किसान महासघंको राष्ट्रिय समितिलाई बुझ्नु पर्दछ।

१५. "समिति" भन्नाले राष्ट्रिय समितिअन्तर्गत गठित समितिहरूलाई बुझ्नुपर्दछ।

१६. "किसान महासंघ" भन्नाले अखिल नेपाल किसान महासंघलाई बुझ्नुपर्दछ।

# भाग ३
## सिद्धान्त, उद्देश्य तथा लक्ष्यहरू

**धारा ९. सिद्धान्त, उद्देश्य र लक्ष्यहरूः**

**(क) महासंघको सिद्धान्त**

किसान महासंघलाई मार्गदर्शन गर्ने सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । यसको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयताको सिद्धान्त हो । नेपाली कृषि क्रान्तिको कार्यक्रम कार्यान्वयन गर्ने काममा उपरोक्त सिद्धान्तमा आधारित भएर गरिनेछ। उपरोक्त सिद्धान्तलाई नेपाली विशेषता मिलाएर अध्ययन, विश्लेषण र अनुशरण गरिनेछ ।

**(ख) महासंघका उद्देश्यहरू**

अखिल नेपाल किसान महासंघको उद्देश्य ग्रामीण क्षेत्रमा रहेका सम्पूर्ण श्रमिक किसानहरूलाई आफ्नो हकअधिकारका निम्ति सचेत, संगठित तथा कानुनसम्मत तरिकाले आन्दोलित गर्दै कृषिभूमि, किसान र कृषि उत्पादन बीचको सम्बन्धलाई व्यवस्थित गर्न भूउपयोग नीति निर्माण गरी कार्यान्वयन गर्ने, कृषिभूमिमाथि रहेको व्यक्तिगत स्वामित्व अन्त्य गर्दै सामूहिकता र सहकारिताको आधारमा कृषिको व्यावसायीकरण, आधुनिकीकरण र औद्योगीकरण गर्दै ग्रामीण क्षेत्रको चौतर्फी विकास गरी सहर र ग्रामीण क्षेत्रको दूरी कम गर्ने र ग्रामीण क्षेत्रको गरिवी पूर्ण रुपमा अन्त्य गरी जनताको आधारभूत आवश्यकता पूरा भएको गरिवी र अभावमुक्त सभ्य समाज निर्माण गर्नु हो ।

**(ग) महासंघका लक्ष्यहरू**

यसको लक्ष्य श्रमिक किसानको सुसंगठित शक्तिको आधारमा सम्पूर्ण ग्रामीण क्षेत्रमा पर्यावरणीय प्रणाली र जैविक विविधतामा आधारित कृषिको विकास गर्ने, कृषिभूमिको संरक्षण, विकासलाई सुनिश्चित गर्दै ग्रामीण क्षेत्रलाई उत्पादनमुखी बनाउँदै सबै किसिमका पूर्वाधार निर्माण गरी सहरी र ग्रामीण क्षेत्रको दूरी समाप्त गर्ने, कृषि व्यवसायलाई सम्पूर्ण रुपमा यान्त्रीकरण गर्दै ग्रामीण क्षेत्रबाट दक्ष श्रमशक्तिको विकास गरी अर्थतन्त्रका अन्य क्षेत्रमा प्रवाहित गर्ने, शिक्षा, स्वास्थ, सन्तुलित आहार, सुविधासम्पन्न आवास, रोजगारी, खाद्य संप्रभुताको अबलम्वन र सुनिश्चितता गर्दै उच्चस्तरको संस्कृतियुक्त न्याय र समानतामा आधारित समाजवाद उन्मुख समाज निर्माण गर्नु हो ।

# भाग ४

## सदस्यता

**धारा १०. सदस्यता प्राप्त गर्ने मापदण्ड**

निम्नलिखित मापदण्ड पूरा गर्ने विषयगत, सामुदायिक र वर्गीय किसान संघ/संगठन तथा व्यक्तिहरू महासंघको सदस्य बन्न सक्नेछन्ः

१. महासंघको विधानलाई पालना गर्ने ।
२. १८ वर्ष पूरा भएको (व्यक्ति सदस्यताका लागि)
३. नेपाली नागरिकता भएको ।
४ फौजदारी अभियोगमा सजाय नपाएको ।
५. कुनै पनि उत्पादक समूहको सदस्य भएको ।
६. कुनै एक उत्पादन समूहका आवद्ध भई प्रत्यक्ष उत्पादनमा भाग लिने ।
७. किसान आन्दोलनमा योगदान गर्न प्रतिबद्ध भएको ।

**धारा ११. सदस्यता** :

**महासंघको सदस्यता निम्न प्रकारका हुनेछन्ः**

१. किसान महासंघको विधानको धारा १० बमोजिमका मापदण्ड र सर्तहरु पूरा गर्ने कृषि उत्पादक तथा कृषि व्यवसायी संघ/संगठनहरू राष्ट्रिय समितिको निर्णयवमोजिम संस्थागत सदस्य हुन सक्नेछन् ।
२. महासंघमा आवद्ध घटक संघका सदस्यहरु स्वतः महासंघका सदस्य हुनेछन् ।
३. किसान महासंघको संगठनात्मक, प्राविधिक र सैद्धान्तिक कामका लागि आवश्यक पर्ने महासंघको सदस्यताका लागि मापदण्ड र सर्तहरु पूरा गर्ने व्यक्ति राष्ट्रिय समितिको निर्णयबमोजिम व्यक्ति सदस्य हुन सक्नेछन् ।
४. किसान महासंघको राष्ट्रिय समितिको निर्णयमा कनै पनि स्वदेशी तथा विदेशी व्यक्ति संघ/संस्थालाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

**धारा १२ : सदस्यता प्राप्तिको प्रक्रिया तथा नवीकरणः**

१. धारा ११ (१) बमोजिम महासंघको घटक संघका रुपमा आवद्ध हुन चाहने किसान संघहरूले सदस्यता शुल्कवापत रु. १०००/- तिरेको नगदी रसिद वा बैंक भौचर संलग्न गरी तोकिएको ढाँचामा राष्ट्रिय समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ।

२. उपधारा १ बमोजिम प्राप्त निवेदन उपर राष्ट्रिय समितिले आवश्यक निर्णय गर्नेछ।

३. किसान महासंघको कार्यमा आवश्यक सहयोग गर्न चाहने व्यक्तिले माथि उल्लेखित उपधारा (१) र (२) बमोजिमको प्रक्रियाबाट सदस्यता प्राप्त गर्न सक्नेछन्।

४. महासंघमा आवद्ध संघ र व्यक्तिले तोकिएको शुल्क तिरी प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ।

**धारा १३. सदस्यता समाप्ति**

**देहायको अवस्थामा सदस्यता समाप्त हुनेछः**

१) घटक संघका रुपमा आवद्ध किसान संघ तथा व्यक्तिले महासंघको सदस्यता परित्याग गर्न दिएको राजीनामा स्वीकृत भएमा।

२) आवद्ध घटक संघ वा व्यक्तिले अरु कनै राजनैतिक दलसँग सम्वद्ध किसान संघ/संगठन/महासंघको सदस्यता लिएमा।

३) महासंघको राष्ट्रिय समितिले घटक संघ वा व्यक्तिलाई उचित कारणसहित निष्कासन गरेमा।

४) धारा ११ को (२) र (३) बमोजिम सदस्यता पाएको हकमा सम्बन्धित व्यक्तिले राजीनामा दिएमा वा सम्बन्धित घटक संघको सम्बन्धित समितिले सदस्यता समाप्त भएको निर्णयलाई सम्बन्धित संघको जिल्ला समितिले अनुमोदन गरेमा।

५) महासंघको विधान तथा घटक संघको आफनो विधान बमोजिम सञ्चालित नभई निश्क्रिय भएमा र नेपाली नागरिकता नै परित्याग गरेमा।

**धारा १४ सदस्यता शुल्क** :

१. महासंघमा आवद्ध हुन चाहने संघले प्रवेश शुल्क वापत रु. १००० दिनुपर्नेछ।

२. महासंघमा आवद्ध हुन चाहने व्यक्तिले सदस्यता शुल्कवापत रु. ५० (पचास रुपैया) दिनुपर्नेछ।

३. महासंघमा आवद्ध **घटक** संघले मासिक रु. १००० र व्यक्तिले रु. २५ लेवी दिनुपर्नेछ।

# भाग ५

## राष्ट्रिय निकाय

**धारा १५. महासंघमा राष्ट्रिय निकायहरू निम्नबमोजिम रहनेछन्**

१. महासम्मेलन
२. राष्ट्रिय समिति
३. सल्लाहकार समिति
४. स्थायी समिति
५. सचिवालय
६. आयोगहरू
७. विभागहरू
८. विशेषज्ञ सभा

**धारा १६ महासम्मेलन**

१. अखिल नेपाल किसान महासंघको सर्वोच्च संस्थाको रूपमा महासम्मेलन रहनेछ।
२. महासम्मेलन प्रत्येक ४/४ वर्षमा हुनेछ।

**धारा १७ महासम्मेलनमा प्रतिनिधित्वको व्यवस्था निम्नानुसार हुनेछ**

क) महासम्मेलनको आयोजना राष्ट्रिय समितिले गर्नेछ।
ख) राष्ट्रिय समितिका सबै सदस्यहरू महासम्मेलनका स्वतः प्रतिनिधि हुनेछन्।
ग) महासम्मेलनका लागि प्रतिनिधि छनोट सम्बन्धी व्यवस्था राष्ट्रिय समितिले तोकेबमोजिम हुनेछ।
घ) प्रतिनिधि निर्वाचनको आधार प्रमुख रुपमा घटक संघहरूको उत्पादन समूह र सदस्य संख्यालाई मानिनेछ।
ङ) राष्ट्रिय समितिले १० प्रतिशतमा नबढ्ने गरी महासम्मेलनका लागि प्रतिनिधि मनोनयन गर्न सक्नेछ।

**धारा १८. महासम्मेलनको काम, कर्तव्य र अधिकारः**

क) राष्ट्रिय समितिका अध्यक्षद्वारा राष्ट्रिय समिति भंग गर्ने र महासम्मेलन सञ्चालन गर्न प्रस्तावित अध्यक्ष मण्डलको नामावलीको पारित गर्ने।
ख) राष्ट्रिय समितिका तर्फबाट महासम्मेलनमा प्रस्तुत प्रतिवेदन तथा अन्य दस्तावेजहरू पारित गर्ने।
ग) राष्ट्रिय समितिद्वारा निर्मित निर्वाचन आयोगबाहेक राष्ट्रिय समितिका अध्यक्षद्वारा प्रस्तावित सबै राष्ट्रिय निकायहरू भंग गर्ने।

घ) निर्वाचन आयोगद्वारा घटक संघहरू, संघीय प्रदेशहरू र जातजाति, भाषाभाषी, क्षेत्र लिंगसमेतको समानुपातिक तथा समावेशी सिद्धान्तको आधारमा विधानमा उल्लेखित संख्यामा नबढ्ने गरी राष्ट्रिय समिति निर्वाचित गर्ने ।

ङ) अध्यक्ष मण्डलका अध्यक्ष वा सदस्यद्वारा सपथग्रहण गराएपछि नेतृत्व हस्तान्तरण गरी महासम्मेलन समापन गर्ने ।

**धारा १९. महासम्मेलनमा प्रतिनिधित्व प्रणाली**

राष्ट्रिय समितिले महासम्मेलनका प्रतिनिधिहरू निर्वाचित हुन निम्नानुसार क्षेत्र र संख्या निर्धारण गर्नेछ :

क) घटक संघ र भूगोलका विभिन्न समितिलाई सदस्य संख्या र उत्पादन समूहको आधारमा प्रतिनिधित्वको व्यवस्था गराउने छ।

ख) उपधारा १ बमोजिम घटक संघ र भूगोलका समितिहरूले आफूले पठाउने प्रतिनिधि संख्यामा ३३ प्रतिशत महिला र विभिन्न कृषि उत्पादन संलग्न समूहहरुको प्रतिनिधित्व हुने गरी समावेसी चरित्रको प्रतिनिधित्वको प्रणाली अवलम्वन गर्ने ।

ग) राष्ट्रिय समितिका आयोगहरू, विभागहरू र विशेषज्ञसभाबाट राष्ट्रिय समितिको निर्णयबमोजिम आवश्यक संख्यामा प्रतिनिधित्व गराउने ।

ङ) कुल प्रतिनिधि संख्याको १० प्रतिशत प्रतिनिधि राष्ट्रिय समितिले मनोनित गर्नेछ ।

**धारा २०. राष्ट्रिय समिति**

१) **राष्ट्रिय समिति र सदस्यहरु**

क) राष्ट्रिय समिति दुई महासम्मेलनको बीच महासंघको सर्वोच्च संस्था हुनेछ।

ख) राष्ट्रिय समिति महासम्मेलनप्रति उत्तरदायी हुनेछ।

ग) महासंघमा आवद्ध विषयगत, सामुदायिक र वर्गीय किसान संघहरूका केन्द्रीय अध्यक्षहरू राष्ट्रिय समितिका पदेन सदस्य हुनेछन् ।

घ) महासम्मेलनबाट राष्ट्रिय समितिले तोकेको सख्याका सदस्यहरु निर्वाचित भई राष्ट्रिय समितिका सदस्यहरु हुनेछन् ।

ङ) राष्ट्रिय समितिले तोकेको विभिन्न घटक संघहरुबाट निर्वाचित सदस्यहरू राष्ट्रिय समितिका सदस्य रहनेछन् ।

च) राष्ट्रिय समितिद्वारा मनोनित सदस्यहरू राष्ट्रिय समितिका सदस्यहरू हुनेछन् ।

२) **राष्ट्रिय समितिको काम कर्तव्य र अधिकार**

क) राष्ट्रिय समितिले आफूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव १, सचिव ७ र कोषाध्यक्ष १, लेखा परीक्षण आयोग प्रमुख १, अनुशासन आयोगका प्रमुख १, निर्वाचन आयोगका प्रमुख १ रहने गरी पदाधिकारीहरूको निर्वाचन गर्ने ।

ख) राष्ट्रिय समितिले अध्यक्षको नेतृत्वमा १०१ जनाको स्थायी समिति र स्थायी समितिभित्रबाट अध्यक्षको नेतृत्वमा पदाधिकारीसहित ५१ जनाको सचिवालय गठन गर्ने ।

ग) दुई महासम्मेलन बीचको अवधिमा सर्वोच्च संस्थाको रुपमा महासंघको नेतृत्व गर्ने ।

घ) निर्वाचित सदस्य संख्यामा १० प्रतिशत नबढ्ने गरी राष्ट्रिय समितिमा सदस्य मनोनित गर्ने ।

ङ) महासंघको दैनिक कार्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न आफूमध्येबाट सचिवालय गठन गर्ने ।

च) महासम्मेलनले पारित गरेका दस्ताबेजका आधारमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

छ) महासम्मेलनद्वारा पारित गरेका दस्ताबेजहरू प्रकाशित गर्ने गराउने ।

ज) नियमित रुपमा मुखपत्रलगायत अन्य आवश्यक सामग्री सम्पादन तथा प्रकाशन गर्ने ।

झ) राष्ट्रिय समिति र स्थायी समितिको निर्णयअनुसार अन्तर समिति निर्देशन जारी गर्ने ।

ञ) राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरुको कार्य विभाजन र स्थानान्तरण गर्ने ।

ट) आवद्ध संघहरूलाई सहयोग, समन्वय, निर्देशन तथा अनुगमन गर्ने ।

ठ) महासंघमा आवद्ध संघहरू, केन्द्रीय विभाग, आयोग र मातहतका समितिहरूलाई परिचालन गर्ने ।

ड) आवद्ध संघलाई मान्यता दिन मापदण्ड तथा सञ्चालन सम्बन्धी नीतिहरू निर्धारण गर्ने ।

ण) अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने, आवद्धता जनाउने, ऐक्यवद्धता जाहेर गर्ने, सहकार्य गर्ने सम्बन्धमा योजना बनाउने र कार्यान्वयन गर्ने ।

त) महासंघमा आवद्ध हुन चाहने किसान संघहरूलाई महासंघको विधान बमोजिम आवश्यक निर्णय गर्ने ।

थ) यस विधानमा राष्ट्रिय समितिले गर्ने भनी उल्लेख गरेका अन्य कार्यहरू गर्ने ।

द) स्थायी समिति वा सचिवालयलाई अधिकार प्रत्यायोजन गर्ने ।

ध) राष्ट्रिय सल्लाहकार समिति गठन गर्ने ।

न) आफ्ना काम र योजनालाई प्रभावकारी रुपमा सम्पन्न गर्न राष्ट्रिय समितिले अनुशासन आयोग, लेखा आयोग र निर्वाचन आयोग तथा आवश्यकतानुसार अन्य केन्द्रीय निकायहरू र संगठन विभाग, विदेश विभाग, प्रचार तथा प्रकाशन विभाग, आर्थिक विभाग, अनुसन्धान विभाग, प्रशिक्षण विभाग, कानुन विभाग, कृषि व्यवसाय प्रबर्धन तथा उद्यम विभाग, सहकारी विभागलगायत आवश्यक देखिएको अवस्थामा अन्य विभाग तथा केन्द्रीय निकायहरू गठन गरी काम कर्तव्य र अधिकार तोक्ने ।

प) मातहतका समितिहरू तथा महासंघमा आवद्ध संघहरूलाई लेवी र शुल्क तोक्ने ।

फ) अन्तर्राष्ट्रिय क्षेत्रमा महासंघको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने ।

व) वैचारिक, सैद्धान्तिक र नीतिगत विषयमा बहस गर्नुपर्ने आवश्यकता महसुस भएमा छुट्टै बैठक वा मञ्चको आयोजना गर्ने ।

भ) मातहतका समितिहरू तथा आवद्ध विषयगत, सामुदायिक र वर्गीय किसान संघबाट अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि आवश्यक निर्णय दिने ।

म) महासंघको एकता, हित र सुरक्षा जस्ता विषयमा खलल पार्ने, मातहतका कुनै पनि समिति वा आवद्ध संघका निर्णयलाई बदर गर्नसक्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा महासंघको निर्देशन पालना नगर्ने राष्ट्रिय समिति मातहतका समिति, आवद्ध संघ तथा विभागहरूलाई विघटन गर्ने र त्यसका सदस्यहरूलाई कारवाही गर्नसक्ने ।

य) अनुशासन उल्लंघन गर्ने राष्ट्रिय समिति, केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय विभागका सदस्यमाथि आवश्यक कारवाही गर्ने ।

र) राष्ट्रिय समिति, केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय विभाग, केन्द्रीय आयोग, केन्द्रीय निकाय र कार्यदलका सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।

ल) राष्ट्रिय भेला, राष्ट्रिय सम्मेलन तथा महासम्मेलनको आयोजना गर्ने ।

व) राष्ट्रिय समितिका पदाधिकारीहरू तथा सदस्यहरूको वरियताक्रम निर्धारण गर्ने ।

श) महासंघको एकता र एकीकरणलाई अघि बढाउन आवश्यक निर्णय गर्ने ।

स) माथि उल्लेखित विषयहरूबाहेका राष्ट्रिय समितिले आवश्यक देखेका अन्य कामहरू गर्ने ।

**३) स्थायी समितिको गठन, काम, कर्तव्य र अधिकार**

स्थायी समितिमा अध्यक्ष, उपाध्यक्षहरू, महासचिव, उपमहासचिवहरू, सचिवहरू, कोषाध्यक्ष र राष्ट्रिय समितिले निर्णय गरेबमोजिम राष्ट्रिय समितिका अन्य सदस्यहरू रहनेछन् । निर्वाचन, लेखा तथा अनुशासन आयोगका अध्ययक्षहरू पदेन सदस्य रहनेछन् । स्थायी समितिको काम, कर्तव्य र अधिकार यसप्रकार हुनेछन् ः

क) राष्ट्रिय समितिको दुई बैठकबीच राष्ट्रिय समितिले गर्ने भनी उल्लेख भएका सम्पूर्ण कामहरू गर्ने ।

ख) राष्ट्रिय समितिका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने ।

ग) महासंघको कामको अनुगमन, निरीक्षण गर्ने र समग्र कामको संयोजन गर्ने ।

घ) आवश्यक विषयमा महासंघको नीति तथा दृष्टिकोण तय गर्ने ।

ङ) आफूले गरेका निर्णय र कामहरू अनुमोदनका लागि राष्ट्रिय समितिको बैठकमा प्रस्तुत गर्ने ।

च) राष्ट्रिय समितिप्रति उत्तरदायी भई राष्ट्रिय समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**४) सचिवालयको गठन, काम कर्तव्य र अधिकार**

महासंघको राष्ट्रिय समितिको अध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव १, सचिव ७ र कोषाध्यक्ष १ समेत ४५ जनाको सचिवालय गठन गरिनेछ । सचिवालयको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछन्ः

क) केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।

ख) राष्ट्रिय समिति तथा स्थायी समितिले तोकेको कामहरू गर्ने ।

ग) केन्द्रीयस्तरबाट तयार गरिनुपर्ने कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।

घ) राष्ट्रिय समिति तथा स्थायी समितिको बैठकका कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने ।

ङ) महासंघको सम्पूर्ण भौतिक सम्पत्तिको अभिलेख राख्ने र संरक्षण गर्ने ।

च) महासंघका मातहतका समिति तथा घटकसंघका सबै तहका समितिहरूसँग सूचना आदान प्रदान गर्ने, प्रतिवेदन प्राप्त गर्ने तथा सम्पूर्ण घटनाहरूको सूचना प्राप्त गरी सोको अभिलेख राख्ने ।

छ) सचिवालयले गर्नुपर्ने अन्य सबै कामहरू गर्ने ।

## ५. राष्ट्रिय समितिका पदाधिकारी र सदस्यहरुको काम, कर्तव्य र अधिकार

### ५.१) राष्ट्रिय समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार

क) महासंघको प्रमुख नेताको रुपमा महासम्मेलनद्वारा पारित विधान, लक्ष्य, उद्देश्य र कार्यक्रम कार्यान्वयन गर्ने गराउने र महासंघलाई समग्र नेतृत्व प्रदान गर्ने ।

ख) संगठनको समग्र नीति, विचार र कार्यक्रमका बारेमा आवश्यकता अनुरुप राष्ट्रिय समितिको बैठकमा दस्तावेज प्रस्तुत गर्ने ।

ग) राष्ट्रिय समिति, स्थायी समिति तथा सचिवालयको बैठकको अध्यक्षता गर्ने ।

घ) महासचिवलाई बैठक बोलाउन निर्देशन दिने ।

ङ) अन्य पदाधिकारीहरू तथा सदस्यहरू र आवद्ध घटक संघहरूका पदाधिकारी तथा सदस्यहरूको कामको अनुगमन गर्ने ।

च) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

छ) महासंघको तर्फबाट आवश्यक पर्दा सार्वजनिक रुपमा वक्तव्य, टिप्पणी र स्पष्टीकरण दिने ।

ज) राष्ट्रिय समितिको तर्फबाट राष्ट्रिय भेला, सम्मेलन तथा महासम्मेलनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

झ) आफूमा निहित अधिकार उपाध्यक्षमा प्रत्यायोजन गर्नसक्ने ।

### ५.२) उपाध्यक्षका काम, कर्तव्य र अधिकारः

क) राष्ट्रिय समितिले तोकेको प्रदेशको इन्चार्जको रुपमा सम्वन्धित प्रदेशमा नेतृत्व प्रदान गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा निजले तोकेको उपाध्यक्षले अध्यक्षको काम, कर्तव्य र अधिकारपालना गर्ने ।

ग) राष्ट्रिय समितिले तोकेका अन्य कामहरू गर्ने ।

### ५.३) महासचिवका काम कर्तव्य र अधिकार

क) अध्यक्षको निर्देशनमा राष्ट्रिय समितिको बैठक बोलाउने ।

ख) अध्यक्षको परामर्श लिई बैठकमा सांगठनिक प्रतिवेदन तथा कार्यसूची प्रस्तुत गर्ने ।

ग) कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने/गराउने ।

घ) अध्यक्षको परामर्शमा बैठकका निर्णय, अन्तर समिति निर्देशन, परिपत्र तयार गरी जारी गर्ने ।

ङ) राष्ट्रिय समिति र स्थायी समितिले तोकेका अन्य कामहरू गर्ने ।

च) अध्यक्षको सल्लाहमा महासंघको तर्फबाट सार्वजनिक वक्तव्य दिने ।

छ) घटक संघहरू एवं मातहतका समितिहरूबाट प्रतिवेदन प्राप्त गर्ने ।
ज) आफूमा निहित अधिकार आवश्यकताअनुसार उपमहासचिव र सचिवहरूमा प्रत्यायोजन गर्ने ।
झ) राष्ट्रिय समितिले तोकेका जिम्मेवारी वहन गर्ने ।
ञ) घटक संघहरूको संयोजन र अनुगमन गर्ने ।

५.४) **उपमहासचिवका काम, कर्तव्य र अधिकार**
क) महासचिवको अनुपस्थितिमा निजले तोकेका कामहरू गर्ने ।
ख) राष्ट्रिय समिति र स्थायी समितिले तोकेका जिम्मेवारीहरू बहन गर्ने ।
ग) महासचिवको काममा सहयोग पुऱ्याउने ।
घ) महासंघका अन्य काममा सहयोग गर्ने ।

५.५) **सचिवका काम, कर्तव्य र अधिकार**
क) केन्द्रीय कार्यालयको सचिवको रुपमा काम गर्ने ।
ख) सचिवालयका सम्पूर्ण अभिलेखहरू दुरुस्त राख्ने ।
ग) सचिवालयको सचिवको जिम्मेवारी बहन गर्ने ।
घ) सचिवालयले तोकेका कामहरू गर्ने ।
ङ) राष्ट्रिय समितिले दिएको अन्य जिम्मेवारीहरू बहन गर्ने ।
च) केन्द्रीय विभाग र केन्द्रीय निकायहरूका कामहरूमा सहयोग गर्ने ।

५.६) **कोषाध्यक्षका काम, कर्तव्य र अधिकार**
क) आर्थिक विभागको प्रमुख भई काम गर्ने ।
ख) आर्थिक प्रशासनको अनुगमन गरी आवश्यकताअनुसार स्थायी समिति तथा राष्ट्रिय समितिको बैठकमा आर्थिक प्रतिवेदन पेस गर्ने ।
ग) महासंघको राष्ट्रिय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
घ) कोष वृद्धिको योजना बनाउने र आर्थिक संकलन गर्ने ।
ङ) आर्थिक तथा भौतिक सम्पत्तिको लेखा राख्ने ।
च) कोष सञ्चालनका लागि आर्थिक नियमावली तर्जुमा गरी राष्ट्रिय समितिमा पेश गर्ने ।
छ) राष्ट्रिय समितिले दिएको अन्य जिम्मेवारीहरू बहन गर्ने ।
ज) आर्थिक नियमावली कार्यान्वयन गर्ने /गराउने ।

**५.७) राष्ट्रिय समितिका सदस्यको काम, कर्तव्य र अधिकार**

क) राष्ट्रिय समितिका निर्णयहरू सम्बन्धित समिति तथा घटक संघहरूमा कार्यान्वयन गराउन क्रियाशील रहने ।

ख) विषयगत संघमा संगठकको भूमिका निर्वाह गर्ने ।

ग) महासम्मेलनद्वारा पारित विधान, कार्यक्रम एवं नीतिहरू आफनो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने/गराउने ।

घ) राष्ट्रिय समिति तथा आफू रहेका अन्य समितिले तोकेका अन्य जिम्मेवारीहरू पूरा गर्ने ।

ङ) आफ्नो कार्यक्षेत्रमा देखापरेका समस्याहरू समाधानमा सक्रिय पहलकदमी लिने ।

**धारा २१. राष्ट्रिय सल्लाहकार समिति**

**१) राष्ट्रिय सल्लाहकार समिति काम, कर्तव्य र अधिकार**

क) राष्ट्रिय सल्लाहकार समितिले आफू मध्येबाट एक अध्यक्ष, एक उपाध्यक्ष र एक सचिव चयन गर्ने ।

ख) राष्ट्रिय सल्लाहकार समितिको बैठक आवश्यकतानुसार बस्ने ।

ग) राष्ट्रिय सल्लाहकार समितिले राष्ट्रिय समितिको माग अनुसार आवश्यक विषयहरूमा सल्लाह तथा सुझावहरू दिने ।

घ) कृषि क्रान्तिको कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा छलफल तथा विचार विमर्श गरी राष्ट्रिय समितिलाई सुझावहरू दिने ।

ङ) महासम्मेलनमा प्रतिनिधिको रुपमा सहभागी हुने ।

**२.राष्ट्रिय सल्लाहकार समितिका पदाधिकारीको काम काम, कर्तव्य र अधिकार**

**२.१) राष्ट्रिय सल्लाहकार समितिका अध्यक्षका काम, कर्तव्य र अधिकारः**

क) राष्ट्रिय सल्लाहकार समितिको बैठकको अध्यक्षता गर्ने ।

ख) राष्ट्रिय समितिको बैठकमा उपस्थित भई छलफलमा सहभागी हने ।

ग) राष्ट्रिय सल्लाहकार समितिमा बराबर मत भएमा निर्णायक मत दिने ।

घ) सल्लाहकार समितिले पारित गरेका सुझाव राष्ट्रिय समितिमा प्रस्तुत गर्ने ।

**२.२) राष्ट्रिय सल्लाहकार समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सबै काम, कर्तव्य र अधिकार पूरा गर्ने ।

२. केन्द्रीय सल्लाहकार समितिले तोकेको अन्य कार्य गर्ने ।

२.३) **राष्ट्रिय सल्लाहकार समितिका सचिवको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको परामर्शमा बैठक बोलाउने ।

२. बैठकमा कार्यसूची तथा प्रतिवेदन प्रस्तुत गर्ने ।

३. बैठकका निर्णयहरू राष्ट्रिय समितिमा पेस गर्ने ।

**धारा २२. राष्ट्रिय आयोगहरू**

राष्ट्रिय समितिले अनुशासन आयोग, निर्वाचन आयोग, लेखापरीक्षण आयोग गठन गर्नेछ । तिनिहरूको काम, कर्तव्य र अधिकार निम्नानुसार हनेछन्ः

१) **अनुशासन आयोग :**

महासंघ र घटक संघहरूमा संगठनात्मक अनुशासन कायम गर्नका निम्ति राष्ट्रिय समितिले अनुशासन आयोगको अध्यक्षको संयोजकत्वमा आफूमध्येबाट बढीमा १५ जना सदस्यहरू रहने गरी अनुशासन आयोग गठन गरिनेछ । यो आयोग राष्ट्रिय समितिप्रति उत्तरदायि हुनेछ । यसको काम, कर्तव्य र अधिकारहरू निम्नअनुसार हुनेछन्ः

क) अनुशासन उल्लंघन सम्बन्धी उजुरी ग्रहण गर्ने ।

ख) प्राप्त उजुरीमाथि छलफल गर्ने ।

ग) प्राप्त उजुरी उपर अध्ययन, छलफल, निरीक्षण र अनुगमन गर्ने तथा विधान बमोजिम कारवाहीका लागि अध्यक्षमार्फत राष्ट्रिय समिति समक्ष सुझाव पेश गर्ने ।

घ) अनुशासनका सम्बन्धमा राष्ट्रिय समितिले दिएको निर्देशनको पालना गर्ने ।

ङ) महासंघ अर्न्तगतका सबै कमिटीहरूलाई क्रियाशील बनाउन र सबै बैठकहरूमा बहुमत सदस्य संख्या उपस्थित गराउने, लगातार सम्वन्धित कमिटीको बैठकमा बिना जानकारी तीन पटकसम्म अनुपस्थित रहेमा पदाधिकारी तथा सदस्यहरू स्वत जिम्मेवारीबाट मुक्त हुने व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

२) **निर्वाचन आयोग**

महासंघको महासम्मेलनलगायत सम्पूर्ण आन्तरिक निर्वाचन कार्यलाई लोकतान्त्रिक, स्वच्छ र निष्पक्ष रुपमा सम्पादन गर्न निर्वाचन आयोगका अध्यक्षको संयोजकत्वमा बढीमा १५ जना रहेको निर्वाचन आयोग गठन गर्नेछ । यो आयोग राष्ट्रिय समितिप्रति उत्तरदायी हुनेछ । यसको काम, कर्तव्य र अधिकारहरू निम्नअनुसार हुनेछन्ः

क) महासम्मेलनमा निर्वाचनको कार्य सम्पादन गर्ने ।

ख) महासंघको निर्वाचन सम्बन्धी नियमावली तयार गरी कार्यान्वयन गर्ने ।

ग) राष्ट्रिय समिति, घटक, संघ र मातहतका समितिहरूको निर्वाचन कार्य सम्पादन गर्ने ।

घ) निर्वाचन सम्बन्धी कुनै विवाद भएमा सोको उपयुक्त समाधानका निम्ति राष्ट्रिय समिति समक्ष सुझाव पेश गर्ने ।

३) **लेखा परीक्षण आयोगः**

महासंघको आयव्यय हिसाब तथा लेखा सम्बन्धी आवश्यक जाँचबुझ, अनुसन्धान र छानविन गर्न तथा दुरुस्त राख्न लगाउन लेखा परीक्षण आयोगका अध्यक्षको संयोजकत्वमा १५ जना रहेको लेखा परीक्षण आयोग गठन गर्नेछ । यो आयोग राष्ट्रिय समितिप्रति उत्तरदायी हुनेछ । यसको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्ः

क) महासंघको राष्ट्रिय समितिको आयव्ययको हिसाबको नियमित अनुगमन र वार्षिक लेखापरीक्षण गर्ने ।

ख) महासंघको लेखा सम्बन्धी आवश्यक नियमावली बनाउने र कार्यान्वयन गराउन पहलकदमी लिने ।

ग) घटक संघका केन्द्रीय समितिको लेखापरीक्षण गर्ने र लेखा सम्बन्धी आवश्यक निर्देशन दिने ।

घ) आफ्नो अनुगमनको प्रतिवेदन महासंघको राष्ट्रिय समितिको कार्यालयमा बुझाउने ।

**धारा २३ विभागहरू**

महासंघ राष्ट्रिय समितिमा ९ विभागहरु हुनेछन् जसका काम कर्तव्य र अधिकार यस प्रकार रहेका छन् ः

१) **संगठन विभाग**

क) संगठनका समस्याहरू बुझ्ने, विश्लेषण गर्ने र समाधानका उपायहरू राष्ट्रिय समिति समक्ष पेस गर्ने ।

ख) विषयगत संघहरूका काममा समन्वय गर्ने गराउने ।

ग) विषयगत संघहरूका गतिविधिहरूको प्रतिवेदन लिने ।

घ) महासंघको सांगठानिक कामहरूको सम्पूर्ण अभिलेख राख्ने ।

ङ) नेतृत्व विकासका निम्ति आवश्यक योजना प्रस्तुत गर्ने ।

**२) विदेश विभाग**

क) अन्तर्राष्ट्रिय सम्वन्ध विस्तार-विकास र ऐक्यवद्धता आदानप्रदान गर्ने ।

ख) अन्तर्राष्ट्रिय क्षेत्रका नीति र दृष्टिकोण तयार गरी राष्ट्रिय समितिमा पेश गर्ने ।

ग) महासंघको तर्फबाट अन्तर्राष्ट्रिय स्तरका सभा, सम्मेलन, बैठक तथा विविध कार्यक्रमहरूमा पठाउने प्रतिनिधिहरूको छनोट गरी अनुमोदनका लागि स्थायी समिति तथा सचिवालयमा पेश गर्ने ।

**३) प्रचार तथा प्रकाशन विभाग**

क) प्रचार र सञ्चार माध्यमसँग सम्बन्धित काम गर्ने ।

ख) विभिन्न प्रकाशनहरूलाई व्यवस्थित गर्ने ।

ग) प्रचार सम्बन्धी समग्र कामहरू गर्ने र आवश्यकता देखिए राष्ट्रिय सञ्चार सञ्जाल निर्माण गर्ने ।

घ) महासंघको मुखपत्र प्रकाशन गर्ने ।

ङ) महासंघका सबै प्रकाशनहरू प्रकाशित गर्ने ।

**४. आर्थिक विभाग**

क) महासंघको कोष तथा आर्थिक अवस्था सुदृढ बनाउन योजना प्रस्तुत गर्ने ।

ख) आर्थिक नियमावली तयार गरी राष्ट्रिय समितिमा प्रस्तुत गर्ने ।

ग) महासंघको कोष तथा लेखा सम्वन्धी सम्पूर्ण दायित्व वहन गर्ने ।

घ) महासंघको वार्षिक वजेट तयार गरी राष्ट्रिय समितिको बैठकमा प्रस्तुत गर्ने ।

ङ) महासंघको आर्थिक हिसावकिताव दुरुस्त राख्न लगाउने ।

च) महासंघको तर्फबाट जिन्सी लगत राख्ने ।

छ) महासंघको तर्फबाट असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्ने ।

ज) महासघंको आर्थिक कोष वृद्धिका लागि आवश्यक पहल गर्ने ।

**५) अनुसन्धान विभाग**

क) कृषि, भूमि, पर्यावरण, जलवायु, पानी एवं जैविक विविधताको क्षेत्रलाई संरक्षण, सम्वर्द्धन र जनमुखी विकासका क्षेत्रहरू पहिचान गर्न र किसान मञ्च, संगठन तथा महासंघको विकासका साथै अन्तर्राष्ट्रिय मित्र संगठनहरूसँग संयुक्त कार्य अन्तर्गतका विषयमा अनुसन्धान गरी रिपोर्ट तयार गर्ने ।

ख) अनुसन्धानका महत्वपूर्ण निष्कर्षहरूको कार्यान्वयन गराउन राष्ट्रिय समितिमा प्रस्ताव प्रस्तुत गर्ने ।

६) **प्रशिक्षण विभाग**

क) कार्यकर्ताहरूको सैद्धान्तिक तथा वैचारिक स्तर उन्नत गर्न प्रशिक्षणको योजना बनाउने ।

ख) प्रशिक्षण लागि पाठ्यक्रम र शैक्षिक सामग्री निर्माण गर्ने ।

ग) प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

घ) प्रशिक्षण सम्बन्धी स्रोत केन्द्र पहिचान एवं परिचालन गर्ने ।

ङ) सीप वृद्धि, नेतृत्व विकास र अन्य तालिमहरूको आयोजना गर्ने ।

७) **कानुन विभाग**

क) सरकारद्वारा प्रस्तुत कृषि तथा भूमि सम्बन्धी नीतिहरूको समिक्षा गरी तत्काल राष्ट्रिय समिति समक्ष प्रस्तुत गर्ने ।

ख) कृषि र भूमि सम्बन्धी ऐन कानुनको अध्ययन गरी समीक्षा गर्ने ।

ग) किसानको हितमा वैकल्पिक नीति, ऐन तथा कानुनहरू तयार गरी राष्ट्रिय समिति समक्ष प्रस्तुत गर्ने ।

घ) किसानका पक्षमा कानुनी कार्य सम्पादनमा तथा न्याय दिलाउन सरल र सुलभ उपायहरू बनाउने ।

ङ) किसान हितका कानुन नियम निर्माण गरी लागू गराउन दवाव सिर्जना गर्ने ।

च) महासंघको कानुनी संरक्षणका लागि विविध काम गर्ने ।

छ) कानुनी सहायता मञ्च निर्माण गरी साना किसानलाई सुविधा प्रदान गर्ने ।

ज) किसान महासघंलाई आवश्यक पर्ने सम्पूर्ण कानुनी सहयोग गर्ने ।

८) **सहकारी विभाग**

क) कृषि सहकारीहरूलाई प्रवर्धन गर्ने

ख) उत्पादक समूहहरूलाई कृषि सहकारीमा आवद्ध गरी व्यावसायिक बनाउन पहल गर्ने ।

ग) कृषि तथा अन्य सहकारीहरूसँग सहकार्य गर्ने ।

**९) कृषि व्यवसाय प्रवर्धन तथा उद्यम विभाग**

क) कृषि व्यवसायलाई उद्यमको रुपमा प्रवर्धन गर्न आवश्यक नीतिगत प्रस्ताव तयार गरी राष्ट्रिय समितिमा प्रस्तुत गर्ने

ख) कृषि उत्पादकत्व वृद्धिलाई जोड दिन आवश्यक पर्ने नीतिगत प्रस्ताव राष्ट्रिय समितिमा प्रस्तुत गर्ने

ग) किसानलाई राज्यकातर्फबाट प्रवाह गरिने सेवामा पहुँच पुऱ्याउन ठोस कार्ययोजना तयार गरी राष्ट्रिय समितिमा प्रस्तुत गर्ने ।

घ) किसानलाई आवश्यकता अनुसार सीप र प्राविधिक ज्ञान दिन योजना बनाई राष्ट्रिय समितिमा प्रस्तुत गर्ने ।

**धारा २४ : विशेषज्ञसभा**

**१. विशेषज्ञसभा गठन, काम, कर्तव्य र अधिकार**

राष्ट्रिय समितिको कुनै एक सदस्यको संयोजकत्वमा विषयविद्, कृषि वैज्ञानिक, प्राविधिक तथा अन्य क्षेत्रका विशेषज्ञहरूको एक विशेषज्ञ सभा रहनेछ । यसको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन्ः

क) विशेषज्ञ सभाले आफू मध्येबाट एक सहसंयोजक र एक सचिव चयन गर्ने ।

ख) कृषिविज्ञका रुपमा कृषि तथा पशुपन्छी विकास सम्वन्धी सुझाव संकलन गरी राष्ट्रिय समितिमा प्रस्तुत गर्ने ।

ग) प्रशिक्षण विभागको अनुरोधमा कृषिविज्ञका रुपमा प्रशिक्षण कार्यक्रममा प्रशिक्षकका रुपमा भाग लिने ।

घ) कृषि व्यावसायीकरण र औद्योगीकरणमा देखापरेका समस्या समाधान सम्वन्धी कार्यपत्रहरु प्रस्तुत गर्ने र किसान जागरण तथा अन्य पत्र-पत्रिकामा प्रकाशित गर्ने । ङ) देशका विभिन्न क्षेत्रमा कृषि तथा पशुपन्छी विकास सम्बन्धी समस्या पहिचान गर्न स्थलगत निरीक्षण गर्ने ।

च) कृषि तथा पशुपन्छी विकास सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीहरुमा भाग लिने, आवश्यकता अनुसार त्यस्ता गोष्ठीहरुमा कार्यपत्र प्रस्तुत गर्ने ।

छ) किसानहरुलाई प्राविधिक ज्ञान र सीप उपलब्ध गराउने ।

**धारा २५. महासंघको बैठक**

**महासंघको बैठक सम्बन्धी व्यवस्था:**

१. राष्ट्रिय समितिको बैठक सामान्यतया वर्षमा २ पटक तथा आवश्यकता अनुसार धेरै पटक पनि बस्न सक्ने छ । स्थायी समिति तथा सचिवालयको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३. राष्ट्रिय समिति मातहतका सबै तहका समितिहरुको बैठक आवश्यकता अनुसार बस्न सक्नेछन् ।

२. बहाल रहेका सदस्य संख्याको ५१ प्रतिशतलाई गणपुरक संख्या मानिनेछ । ।

३. सामान्यतया अध्यक्षले मतदान गर्ने छैनन् तर बैठकमा मत बराबर भए अध्यक्षले निर्णायक मत दिनेछन् ।

# भाग ६

## महासंघको संगठनात्मक ढाँचा

**धारा २६** महासंघको संगठनात्मक ढाँचा देहाय बमोजिम हुनेछन् ।

१) राष्ट्रिय समिति
२) प्रदेश समिति
३) जिल्ला समिति
४) निर्वाचन क्षेत्र समन्वय समिति
५) पालिका समिति
६) वडा समिति
७) उत्पादन समूहहरु

**धारा २७ प्रदेश समिति**

१) **प्रदेश सम्मेलन**

क) प्रदेश सम्मेलनले प्रदेश समिति चयन गर्नेछ ।

ख) प्रदेश निर्वाचन क्षेत्रबाट प्रदेश समितिले प्रतिनिधी छनौट गर्नेछ ।

ग) प्रतिनिधि छनौट गर्दा कृषि उत्पादनका कुनै पनि एक विधामा संलग्न भएको किसान हुनुपर्नेछ ।

घ) गर्दा ३३ प्रतिशत महिला सहित समावेशी प्रणालीलाई सुनिश्चित गर्ने गरी प्रतिनिधी छनौट गर्नुपर्ने छ ।

ङ.) प्रदेश समिति समावेशी चरित्रको हुनुपर्नेछ ।

२) **प्रदेश समितिका सदस्यहरु**

ग) प्रदेश अन्तर्गत जिल्ला महासंघ समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन् ।

घ) घटक संघका प्रदेश समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन् ।

ग) प्रदेश सम्मेलनबाट निर्वाचित सदस्यहरु ।

च) प्रदेश सम्मेलनबाट निर्वाचित सदस्यहरुको कुल संख्याको १० प्रतिशत सदस्यहरु प्रदेश समितिले मनोनित गर्न सक्नेछ ।

३) **प्रदेश समितिको काम, कर्तव्य र अधिकार**

क) राष्ट्रिय समितिले तोकेको सदस्यको अध्यक्षतामा प्रदेश समितिले आफूमध्येबाट उपाध्यक्ष १, सचिव १, उपसचिव १ र कोषाध्यक्ष १ समेत ५ जना पदाधिकारीहरु चयन गर्नेछ ।

ख) प्रदेशमा आफ्नो कार्यालय सञ्चालन गर्ने ।

ग) राष्ट्रिय समितिका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने /गराउने ।

घ) प्रदेशमा कृषि क्रान्तिको कार्यक्रममा आधारित योजना बनाउने र कार्यान्वयन गर्ने /गराउने ।

ङ) प्रदेशमा रहेका महासंघका समितिहरु र घटक संघका बीच आवश्यक समन्वय गर्ने ।

च) प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका तथा वडा स्तरका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

छ) किसान महासंघ र प्रदेश सरकारका बीच समन्वय गर्ने ।

ज) प्रत्यक्ष वा परोक्ष रुपमा किसान महासंघमा आबद्ध संघ, संस्थाहरुलाई स्थापित गर्न भूमिका खेल्ने ।

झ) प्रदेश सभामा किसान संघ आवद्ध तथा मैत्री भाव राख्ने सदस्य निर्वाचित गर्न भूमिका खेल्ने ।

ञ) कृषि क्रान्तिको कार्यक्रम कार्यान्वयन गर्न र किसानका हक हितको संरक्षण गर्न आवश्यक संघर्ष संचालन गर्ने र नेतृत्व विकास गर्ने ।

ट) प्रदेशमा राष्ट्रिय समितिका सदस्यहरुलाई परिभाषित जिम्मेवारी बहन गर्ने गरी कार्य विभाजन गर्ने ।

ठ) प्रदेशव्यापी रुपमा उत्पादन समूहहरु निर्माण र परिचालन गर्न सल्लाह, सुझाव तथा निर्देशन दिने ।

ड) किसान महासंघ, घटक संघ र उत्पादन समूहको स्थलगत निरीक्षण, अध्ययन, अनुगमन गरी नियमित रुपमा महासंघको केन्द्रीय कार्यालयमा प्रतिवेदन पठाउने ।

ढ) प्रदेश स्तरका कृषि क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग आवश्यक समन्वय र सहकाय गर्ने

ण) सम्बन्धित प्रदेशमा कृषि क्षेत्र र किसानका समस्या पहिचान गरी समाधानका लागि आवश्यक पहल गर्ने ।

त) सम्बन्धित प्रदेशको किसान आन्दोलनको नेतृत्व गर्ने ।

**४ प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

**४.१ प्रदेश समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) प्रदेशको अध्यक्षको रुपमा सम्वन्धित प्रदेशमा नेतृत्व प्रदान गर्ने ।

ख) प्रदेशमा महासंघको राष्ट्रिय समितिका निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने ।

ग) प्रदेश समितिको बैठकको अध्यक्षता गर्ने ।

घ) प्रदेश समितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
ङ) प्रदेश समितिका अन्य पदाधिकारीहरु तथा सदस्यहरुको कामको रेखदेख तथा निरीक्षण गर्ने ।
च) प्रदेश समितिको तर्फबाट आवश्यक पर्दा सार्वजनिक रुपमा वक्तव्य, टिप्पणी र स्पष्टीकरण दिने ।
छ) प्रदेशमा महासंघ र यसका घटक संघहरुको कामलाई संयोजन र नेतृत्व गर्ने ।
ज) प्रदेश अन्तर्गत महासंघका सबै गतिविधिहरुको संयोजन गर्ने र त्यसको अभिलेख राख्ने ।
झ) मातहतका जिल्लाका महासंघहरु, घटक संघहरु र उत्पादन समूहहरुको कामको स्थलगत निरीक्षण, सुपरीवेक्षण, अनुगमन र मूल्यांकन गर्ने तथा आवश्यक निर्देशन दिने र सोको प्रतिवेदन केन्द्रीय कार्यालयमा पेश गर्ने ।
ञ) मातहतका जिल्ला समिति निष्कृय भएमा राष्ट्रिय समितिबाट अनुमति लिई विघटन वा पुनर्गठन गर्ने ।
ट) प्रदेश समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।
ठ) प्रदेश अन्तर्गत महासंघको अन्य आवश्यक कामहरु गर्ने ।
ड) राष्ट्रिय समितिले तोकेका जिम्मेवारी बहन गर्ने ।

४.२) **उपाध्यक्षको काम कर्तव्य र अधिकार**
१) प्रदेश अध्यक्षको अनुपस्थितिमा अध्यक्षको भुमिका निर्बाह गर्ने ।
२) प्रदेश समितिले तोकेको जिम्मेवारी वहन गर्ने ।

४.३) **सचिवको काम कर्तव्य र अधिकार**
क) अध्यक्षको निर्देशनमा प्रदेश समितिको बैठक बोलाउने ।
ख) कार्यालयको दैनिक कार्य संचालन गर्ने ।
ग) अध्यक्षको परामर्शमा बैठकमा सांगठनिक प्रतिवेदन तथा कार्यसूचि प्रस्तुत गर्ने ।
घ) अध्यक्षको परामर्शमा बैठकका निर्णयहरुको प्रदेश अन्तर समिति निर्देशन तथा परिपत्र तयार गरी जारी गर्ने ।
ङ) प्रदेशका घटक संघहरु एवं मातहतका समितिहरुबाट प्रतिवेदन प्राप्त गर्ने ।
च) अध्यक्षको सल्लाहमा प्रदेशको तर्फबाट सार्वजनिक वक्तव्य दिने ।
छ) आफुमा निहित अधिकार आबश्यक्ता अनुसार उपसचिवमा प्रत्यायोजन गर्ने ।
झ) प्रदेश समितिले तोकेका अन्य कामहरु गर्ने ।

४.४) **उपसचिवको काम कर्तव्य र अधिकार**

क) सचिवको अनुपस्थितिमा सचिवको रुपमा काम गर्ने ।

ख) सचिवले प्रत्यायोजन गरेको जिम्मेवारी वहन गर्ने ।

ग) प्रदेश समितिले तोकेको जिम्मेवारी वहन गर्ने ।

४.६) **कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क) आर्थिक विभागको प्रमुख भई काम गर्ने ।

ख) आर्थिक प्रशासनको अनुगमन गरी आवश्यकता अनुसार सचिवालय एवं जिल्ला समितिको वैठकमा आर्थिक स्थितिको प्रतिवेदन पेस गर्ने ।

ग) कोष वृद्धिको योजना बनाउने र आर्थिक संकलन गर्ने ।

घ) आर्थिक तथा भौतिक सम्पत्तिको लेखा राख्ने ।

ङ) राष्ट्रिय समितिले दिएको अन्य जिम्मेवारीहरू वहन गर्ने ।

च) आर्थिक नियमावली कार्यान्वयन गराउने ।

४.६) **सदस्यहरूको काम, कर्तव्य र अधिकार**

क) बैठकका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ख) बैठकमा उपस्थित हुने ।

ग) तोकिएका अन्य कार्य गर्ने ।

**धारा २८. जिल्ला समिति**

१) **जिल्ला सम्मेलन**

क) जिल्ला समितिको चयन जिल्ला सम्मेलनबाट हुनेछ ।

ख) जिल्ला सम्मेलनबाट अध्यक्ष, उपाध्यक्ष, सचिब, सहसचिब र कोषाध्यक्ष सहित ५ जना पदाधिकारी सहित जिल्ला समिति चयन हुनेछ ।

ग) जिल्ला सम्मेलननमा जिल्ला समितिले तोकेअनुसारका प्रतिनिधिहरु सहभागि हुनेछन् ।

घ) प्रतिनिधि छनौट गर्दा समितिले आफ्नो कार्यक्षेत्रमा रहेका सबै कृषि उत्पादनका क्षेत्रहरु समेट्नु पर्नेछ ।

ङ) प्रतिनिधि संख्यामा ३३ प्रतिशत महिलासहित समावेशी चरित्रको प्रतिनिधित्वको प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

२) **जिल्ला समितिका सदस्यहरु**

क) घटक संघहरुका जिल्ला अध्यक्षहरु पदेन सदस्य हुनेछन् ।।

ख). महासंघ पालिका समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन ।

ग) जिल्ला समितिले तोकेबमोजिमको संख्यामा जिल्ला सम्मेलनबाट निर्वाचित सदस्यहरु समितिका सदस्य हुनेछन् ।

घ) जिल्ला सम्मेलनबाट निर्वाचित कुल संख्याको १० प्रतिशत सदस्यहरु जिल्ला समितिले मनोनित गर्न सक्नेछ ।

३) **जिल्ला समितिको काम कर्तव्य र अधिकार**

क) जिल्ला समितिको मातहतका घटक संघहरु र महासंघ समितिहरुलाई नेतृत्व प्रदान गर्ने ।

ख) जिल्लाको समग्र कामहरुको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

ग) जिल्ला र घटक संघहरुलाई परिचालन, समन्वय, निरिक्षण, अनुगमन र मल्यांकन गर्ने ।

घ) महासंघका कार्यकर्ताहरुलाई व्यवासायिक उत्पादनमा आधारित बनाउँन र जिल्लावासी किसानको जीवनस्तर समुन्नत बनाउन रचनात्मक कामहरुको योजना बनाई कार्यान्वयन गर्ने/गराउने ।

ङ) संघीय सरकार/प्रदेश सरकार/स्थानीय तह अन्तर्गतका कृषि, वन, पशुपन्छी, सिंचाई, भुमिसुधार, सहकारी आदि नगर तथा गाउँपालिकासंग सम्पर्क र सम्बन्ध विस्तार गरी किसानको हित, कृषि व्यवसायिकरण र किसानमुखी नीति, कार्यक्रम तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गर्न आवश्यक सरसहयोग लिने वातावरण बनाउने ।

च) जिल्लामा रहेका कषि, वन, पशु, भुमिसुधार, जडिबुटी र जैविक विविधता आदिसंग सम्बन्धित संहकारी तथा गैर सरकारी कार्यालयसंग सम्पर्क र सम्बन्ध विस्तार गरी किसानमुखी कार्यक्रमहरु, प्रशिक्षण तथा तालिम कार्यक्रमहरु संचालन गर्न आवश्यक सरसहयोग लिने वातावरण बनाउँने ।

छ) राष्ट्रिय समिति र प्रदेश समितिका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने /गराउने ।

ज) स्थानीय किसानका समस्याहरु पहिचान गरी समाधानका लागि पहल गर्ने

झ) किसानका स्थानीय समस्यामा आधारित भई आन्दोलनको संयोजन तथा नेतृत्व गर्ने ।

ञ) किसानलाई आवश्यक निशुल्क कानुनी सहयोग प्रदान गर्ने ।

ट) जिल्लामा भए गरेका कामहरुको प्रतिवेदन महासंघको प्रदेश समिति तथा राष्ट्रिय समितिमा पठाउने ।

## ४ जिल्ला समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

### ४.१) **जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) राष्ट्रिय समिति, प्रदेश समिति र जिल्ला समितिका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्न समितिले गरेको निर्णय र निर्देशनको आधारमा जिल्ला महासंघको हितलाई ध्यानमा राखेर समग्र नेतृत्व प्रदान गर्ने ।

ख) संगठनको विकास र विस्तारका निम्ति अघि सारिएका नीति, विचार र कार्यक्रमहरुको बारेमा आवश्यकता अनुरुप दस्तावेज प्रस्तुत गर्ने ।

ग) जिल्ला समिति तथा सचिवालयको बैठकको अध्यक्षता गर्ने ।

घ) सचिवलाई बैठक बोलाउन निर्देशन दिने ।

ङ) जिल्ला समितिका अन्य पदाधिकारीहरु तथा सदस्यहरुको कामको रेखदेख तथा निरिक्षण गर्ने ।

च) जिल्ला महासंघको तर्फबाट आवश्यकता पर्दा सार्वजनिक रुपमा वक्तव्य, टिप्पणी र स्पष्टिकरण दिने ।

छ) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

### ४.२) **उपाध्यक्षको काम, कर्तव्य अधिकार**

क) अध्यक्षको अनुपस्थितिमा नीजले तोकेका सबै कामहरु गर्ने ।

ख) अध्यक्षको कामहरुमा सहयोग गर्ने र अध्यक्षद्धारा प्रत्यायोजन गरिएका काम गर्ने ।

ग) जिल्ला समितिले तोकेका जिम्मेवारीहरु बहन गर्ने ।

### ४.३) **सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको परामर्शमा जिल्ला समितिको बैठक बोलाउने र बैठकमा छलफलका लागि कार्यसूचि तथा प्रतिवेदन प्रस्तुत गर्ने ।

ख) कार्यालयको दैनिक कार्य संचालन गर्ने र अभिलेखहरु दुरुस्त राख्ने ।

ग) अध्यक्षको परामर्शमा बैठकका निर्णयहरुको परिपत्र तयार गरी जारी गर्ने ।

घ) जिल्ला समन्वय समितिले तोकेका अन्य कामहरु गर्ने ।

ङ) अध्यक्षको सल्लाहमा जिल्लाको तर्फबाट सार्वजनिक वक्तव्य दिने ।

च) घटक संघ एवं मातहतका समितिबाट प्रतिवेदन प्राप्त गर्ने तथा निरिक्षण, अनुगमन र समन्वय गर्ने ।

४.४) **सहसचिवको काम, कर्तव्य र अधिकार**

क) सचिवको अनुपस्थितीमा सचिवको भूमिका निर्वाह गर्ने ।

ख) जिल्ला समितिले तोकेको जिम्मेवारी निर्वाह गर्ने ।

४.५) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) जिल्ला समितिको आर्थिक विभागको प्रमुख भई काम गर्ने ।

ख) आर्थिक प्रशासनको अनुगमन गरी बैठकमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

ग) कोष बृद्धिको योजना बनाउँने ।

घ) लेखापरिक्षण गराउने ।

ङ) आर्थिक तथा भौतिक सम्पत्तिको अभिलेख राख्ने ।

च) घटक संघहरु तथा मातहतका समितिहरुको आय-व्यय हिसाव दुरुस्त राख्न र लेखापरिक्षण गराउन लगाउने ।

छ) आर्थिक नियमावली कार्यान्वयन गर्ने /गराउने ।

४.६) **सदस्यहरूको काम, कर्तव्य र अधिकार**

क) बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ख) बैठकमा उपस्थित हुने ।

ग) तोकिएका अन्य कार्य गर्ने ।

**धारा २९ निर्वाचन क्षेत्र समन्वय समिति**

१) **निर्वाचन क्षेत्र समन्वय समिति**

एक भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाका हरेक निर्वाचन (प्रदेश, संघ) क्षेत्रमा आवश्यकताका आधारमा निर्वाचन क्षेत्र समन्वय समिति गठन गरिनेछ ।

२) **निर्वाचन क्षेत्र समन्वय समितिका सदस्यहरु**

क) सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका पालिका समितिका प्रमुखहरु यस समितिका पदेन सदस्यहरु हुनेछन् ।

ख) सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका पालिका तहका घटक संघहरुका प्रमुखहरु

ग) समितिले मनोनित गरेका सदस्यहरु

**३) निर्वाचन क्षेत्र समन्वय समितिको काम कर्तव्य र अधिकार**

क) समन्वय समितिका सदस्यहरु मध्ये संयोजक १ र सचिब १ समेत जम्मा २ जना पदाधिकारीहरु चयन गर्ने ।

ख) निर्वाचन क्षेत्र भित्र महासंघका समग्र कामहरुलाई समन्वय एवं परिचालन गर्ने ।

ग) राष्ट्रिय समिति, प्रदेश र जिल्ला समितिका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

घ) आवश्यकता अनुसार समन्वय समितिको वैठक वस्ने ।

ङ) समितिका कामहरुको प्रतिवेदन आवश्यकतानुसार जिल्ला महासंघको कार्यालयमा पठाउने ।

च) आफ्नो कार्यक्षेत्रका किसानका मुद्दाको उठान, वहस पैरवी गर्दै किसानहरुलाई नेतृत्व प्रदान गर्ने ।

छ) प्रदेश र संघको निर्वाचनमा किसान महासंघसंग मैत्रीपूर्ण सम्बन्ध राख्ने उम्मेद्धावारलाई विजयी गराउन भूमिका खेल्ने ।

**४) निर्वाचन क्षेत्र समन्वय समितिका पदाधिकारी तथा सदस्यहरुको काम कर्तव्य अधिकार**

४.१) **संयोजकको काम, कर्तव्य र अधिकार**

क) बैठकको अध्यक्षता गर्ने ।

ख) सचिवलाई बैठक बोलाउन लगाउने ।

ग) संगठनको विकास र विस्तारका निम्ति अगाडी सारिएका नीति, विचार र कार्यक्रमहरुको बारेमा आवश्यकता अनुरुप दस्तावेज प्रस्तुत गर्ने ।

घ) निर्वाचन क्षेत्र समन्वय समितिका अन्य पदाधिकारीहरु तथा सदस्यहरुको कामको रेखदेख तथा निरिक्षण गर्ने ।

ङ) सम्बन्धित महासंघको तर्फबाट आवश्यकता अनुसार सार्वजनिक रुपमा वक्तव्य, टिप्पणी र स्पष्टीकरण दिने ।

च) बैठक तथा भेलामा बराबर मत भएमा निर्णायक मत दिने ।

छ) माथिल्ला समितिका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।

४.२ **सचिवको काम कर्तव्य र अधिकार**

क) संयोजकको परामर्श लिई समितिको बैठक बोलाउने ।

ख) बैठकमा कार्यसूचि तथा प्रतिवेदन प्रस्तुत गर्ने ।

ग) कार्यालयको दैनिक कार्य संचालन गर्ने ।

घ) बैठकका निर्णयहरुको परिपत्र तयार गरी जारी गर्ने ।

ङ) संयोजकको सल्लाहमा आफनो समितिको तर्फबाट सार्वजनिक वक्तव्य दिने ।

च) आवद्ध घटक संघ एवं मातहतका समितिबाट प्रतिवेदन प्राप्त गर्ने ।

छ) घटक संघ एवं मातहतका समितिहरुको निरिक्षण, अनुगमन र समन्वय गर्ने ।

ज) सचिवालयका अभिलेखहरु दुरुस्त राख्ने र सचिवालयको सचिवको जिम्मेवारी बहन गर्ने ।

झ) आर्थिक विभागको प्रमुख भई काम गर्ने ।

ञ) आफनो समितिको आर्थिक हिसाव किताव दुरुस्त राख्ने, लेखापरिक्षण गराउने र आर्थिक प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

ट) घटक संघहरु तथा मातहतका समितिहरुको आय-व्यय हिसाव दुरुस्त राख्ने र लेखापरिक्षण गराउने ।

ठ) कोष बृद्धिको योजना बनाउँने र आर्थिक तथा भौतिक सम्पत्तिको अभिलेख राख्ने ।

ड) आथिक नियमावली कार्यान्वयन गर्ने/गराउने ।

ढ) निर्वाचन क्षेत्र समन्वय समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

४.३) **सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

क) बैठकले गरेका निर्णयहरू कार्यन्वयन गर्ने गराउने ।

ख) बैठकमा उपस्थित हुने ।

ग) तोकिएका अन्य कार्य गर्ने ।

**धारा ३०. नगर/गाँउ पालिका समिति**

१) **नगर/गाँउ पालिका समिति**

क) सम्वन्धित पालिकाले पालिका सम्मेलन गर्नेछ ।

ख) पालिका सम्मेलनमा पालिका समितिले तोकेअनुसारका प्रतिनिधिहरु सहभागि हुनेछन् ।

ग) प्रतिनिधि तोक्दा समितिले आफ्नो कार्यक्षेत्रमा रहेका उत्पादनका सबै क्षेत्रहरु समेट्नु पर्नेछ ।

घ) समितिले प्रतिनिधि छनौट गर्दा ३३ प्रतिशत महिलासहित समावेसी चरित्रको प्रतिनिधित्वको सुनिश्चित गर्नुपर्नेछ ।

ङ) समितिको निर्वाचन गर्दा समितिको कार्यक्षेत्रमा क्रियाशिल रहेका सबै विषयगत संघहरुको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

च) पालिका सम्मेलनले अध्यक्ष १, उपाध्यक्ष १, सचिब १, सहसचिब १ र कोषाध्यक्ष १ गरी ५ जना पदाधिकारी सहित सदस्यहरुको चयन गर्नेछ ।

छ) पालिका समितिमा पालिकाभित्रका सबै विषयगत संघहरुका अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

ज) पालिका अन्तर्गतका वडामहासंघ समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन ।

झ) पालिका समितिले तोकेबमोजिमको संख्यामा सम्मेलनबाट निर्वाचित व्यक्तिहरु समितिका सदस्य हुनेछन् ।

ञ) पालिका समितिमा निर्वाचित कुल संख्याको १० प्रतिशत सदस्यहरु समितिले मनोनित गर्न सक्नेछ ।

२) **नगर/गाँउ पालिका समितिको काम कर्तव्य र अधिकार**

क) पालिका सम्मेलन गर्ने ।

ख) माथिल्ला समितिका निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ग) विधान अन्तर्गत आवश्यक पर्ने विनियमहरू बनाउने ।

घ) मातहतका समिति तथा संघ समुहरुको कामको सुपरीवेक्षण गर्ने र आबश्यक निर्देशित गर्ने ।

ङ) स्थानीय तहहरुसँग समन्वय गरी किसानका हक हित र अधिकारका लागि बहस पैरबी गर्ने ।

च) स्थानीय किसान आन्दोलनको नेतृत्व गर्ने ।

३) **नगर/गाँउ पालिका समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

३.१) **अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) पालिका समितिको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।

ख) पालिका समितिको बैठक बोलाउन लगाउने ।

ग) सम्मेलन, भेला वा समितिका बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

घ) सम्मेलन र समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ङ) समितिका उद्देश्य पुरा गर्न विधान वमोजिम अन्य कार्यहरू गर्ने ।

च) स्थानीय तह तथा अन्य सरोकारवालसंग समन्वय र सहकार्य गर्ने ।

**३.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने वा अध्यक्षद्धार प्रत्यायोजित अधिकारको प्रयोग गर्ने ।

ख) अध्यक्ष नभएको समयमा कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने ।

**३.३) सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको निर्देशनमा कार्य समितिको बैठक, भेला, सम्मेलन बोलाउने ।

ख) बैठकका निर्णयहरूको अभिलेख राख्ने र कार्यान्यन गर्ने गराउने ।

ग) प्रतिवेदन पेश गर्ने ।

घ) समितिको तर्फवाट पत्रचार गर्ने ।

ङ) समितिको कार्यालय सचिवको रुपमा काम गर्ने ।

च) कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**३.४) सह–सचिवको काम, कर्तव्य र अधिकार**

क) सचिवको कार्यमा सहयोग पुऱ्याउने वा सचिवले प्रत्यायोजित गरेका अधिकारको प्रयोग गर्ने ।

ख) सचिव नभएको समयमा कार्यवाहक सचिवको रूपमा कार्य गर्ने ।

**३.५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने ।

ख) आय व्ययको हिसाव दुरुस्त राख्ने ।

ग) जिन्सी लागत राख्ने ।

घ) अशुल गर्नु पर्ने रकम अशुल गर्ने ।

ङ) आय व्ययको विवरण पेश गर्ने ।

च) वार्षिक खर्च र आम्दानीको वजेट तर्जुमा गर्ने ।

छ) रकम भुक्तानी गर्ने ।

ज) लेखा परीक्षण गराउने ।

झ) तोकिएका अन्य काम गर्ने ।

३.६) **सदस्यहरूको काम, कर्तव्य र अधिकार**

क) बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ख) बैठकमा उपस्थित हुने ।

ग) तोकिएका अन्य कार्य गर्ने ।

**धारा ३१. वडा समिति**

१) **वडा सम्मेलन**

क) सम्वन्धित वडाले समितिले वडा सम्मेलन गर्नेछ ।

ख) वडा सम्मेलननमा वडा समितिले तोकेअनुसारका प्रतिनिधिहरु सहभागि हुनेछन् ।

ग) प्रतिनिधि तोक्दा समितिले आफ्नो कार्यक्षेत्रमा रहेका सम्भव सबै उत्पादनका क्षेत्रहरु समेट्नु पर्दछ ।

घ) समितिले आफुले पठाउने प्रतिनिधि संख्यामा ३३ प्रतिशत महिलासहित समावेसी चरित्रको प्रतिनिधित्वको प्रणाली अवलम्बन गर्ने ।

ङ) वडासम्मेलनले अध्यक्ष १, उपाध्यक्ष १, सचिब १, सहसचिब १ र कोषाध्यक्ष १ गरी ५ जना पदाधिकारी सहित सदस्यहरुको चयन गर्नेछ ।

२) **वडा समितिका सदस्यहरु**

च) वडा समितिमा सो वडामा रहेकाका सबै उत्पादन क्षेत्रका समूहहरुका अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

छ) वडा समितिले तोकेबमोजिमको संख्यामा सम्मेलनबाट निर्वाचित व्यक्तिहरु समितिका सदस्य हुनेछन् ।

ज) वडासमितिमा निर्वाचित कुल संख्याको १० प्रतिशत मनोनित सदस्यहरु ।

३) **वडा समितिको काम कर्तव्य र अधिकार**

क) वडा सम्मेलन गर्ने ।

ख) माथिल्ला समितिका निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ग) विधान अन्तर्गत आवश्यक पर्ने नियमावलीहरू बनाउने ।

घ) मातहतका समुहरुको कामको सुपरीवेक्षण गर्ने र आबश्यक सहयोग र निर्देशिन गर्ने ।

ङ) स्थानीय तहहरुसँग समन्वय गरी किसानहरुको हितका लागि बहस पैरबी गर्ने ।

च) स्थानीय किसान आन्दोलनको नेतृत्व गर्ने ।
छ) उत्पादन समूह निर्माण गरी परिचालन गर्ने ।

**४) वडा समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

**४.१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) वडा समितिको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।
ख) कार्यसमितिको बैठक बोलाउन लगाउने ।
ग) सम्मेलन वा कार्य समितिको बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
घ) सम्मेलन र कार्य समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
ङ) समितिका उद्देश्य पुरा गर्न विधान वमोजिम अन्य कार्यहरू गर्ने ।

**४.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने वा अध्यक्षद्धारा प्रत्यायोजित अधिकारको प्रयोग गर्ने ।
ख) अध्यक्ष नभएको समयमा कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने ।

**४.३) सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको निर्देशनमा समितिको बैठक, भेला र सम्मेलन बोलाउने ।
ख) बैठकका निर्णयहरूको अभिलेख राख्ने र कार्यान्वन गर्ने गराउने ।
ग) प्रतिवेदन पेश गर्ने ।
घ) समितिको तर्फवाट पत्राचार गर्ने ।
ङ) समितिको कार्यालय सचिवको रुपमा काम गर्ने ।
छ) कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**४.४) सह–सचिवको काम, कर्तव्य र अधिकार**

क) सचिवको कार्यमा सहयोग पुऱ्याउने वा सचिवले प्रत्यायोजित अधिकारको प्रयोग गर्ने ।
ख) सचिव नभएको वखत कार्यवाहक सचिवको रूपमा कार्य गर्ने ।
ग) समितिले तोकेका कार्य गर्ने ।

**४.५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने ।
ख) आय व्ययको हिसाव दुरुस्त राख्ने ।

ग) अशुल गर्नु पर्ने रकम अशुल गर्ने ।
घ) वार्षिक खर्च र आम्दानीको वजेट तर्जुमा गर्ने ।
ङ) रकम भुक्तानी गर्ने ।
च) तोकिएका अन्य काम गर्ने ।

४.६) **सदस्यहरूको काम, कर्तव्य र अधिकार**
क) बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
ख) बैठकमा उपस्थित हुने ।
ग) तोकिएका अन्य कार्य गर्ने ।

**धारा ३२. उत्पादक समूह**

१) **बिषयगत उत्पादक समूहरुको भेला**
क) विषयगत उत्पादन किसानहरुको छुट्टा छुट्टै भेला हुनेछ ।
ख) सम्बन्धित उत्पादक समूहको भेलामा सोही बिषयका किसानको प्रतिनिधित्व अनिवार्य हुनेछ ।
ग) बिषयगत उत्पादक किसानको भेलाले एकतिहाइ महिलासहित ५ देखि ११ जनाको समूह निर्वाचित गर्नेछ ।
घ) भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदाधिकारी सहित सदस्यहरुको चयन गर्नेछ ।
ङ) समूहमा निर्वाचित कुल सदस्य संख्याको १० प्रतिशत सदस्यहरु निर्वाचित समूहले मनोनित गर्न सक्नेछ ।

**२ उत्पादक समुहको काम कर्तव्य र अधिकार**
क) विषयसँग सम्वन्धित किसानहरुको भेला गर्ने ।
ख) माथिल्ला समितिका निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
ग) विधान अन्तर्गत आवश्यक पर्ने कार्यविधिहरू बनाउने ।
घ) स्थानीय वडा तथा पालिकाहरुसँग समन्वय गर्ने ।
ङ) अन्य बिषयका समुहरुसंग सहकार्य गरी स्थानीय किसान आन्दोलनको नेतृत्व गर्ने ।
च) उत्पादन वृद्धिको कार्यक्रम बनाउने ।
छ) सम्बन्धित उत्पादनसंग संबन्धित क्षेत्रका समस्या उठान तथा राष्ट्रियकरण गर्न माथिल्ला समितिहरुसंग समन्वय गर्ने ।

३) **समूहका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

### ३.१) अध्यक्षको काम, कर्तव्य र अधिकार

क) समुहको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।

ख) समुहको बैठक बोलाउन लगाउने ।

ग) भेला तथा बैठकका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

घ) समुहका उद्देश्य पुरा गर्न विधान वमोजिम अन्य कार्यहरू गर्ने ।

ङ) भेला वा समूहको बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

च) सरोकारवाला पक्षहरुसंग समन्वय र सहकार्य गर्ने ।

### ३.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने वा अध्यक्षद्धारा प्रत्यायोजित अधिकारको प्रयोग गर्ने ।

ख) अध्यक्ष नभएको वखत कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने ।

### ३.३) सचिवको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको निर्देशनमा समुहको बैठक तथा भेला बोलाउने ।

ख) बैठकका निर्णयहरूको अभिलेख राख्ने र कार्यान्यन गर्ने गराउने ।

ग) प्रतिवेदन पेश गर्ने ।

घ) समुहको तर्फवाट पत्राचार गर्ने ।

ङ) समुहले तोकेका अन्य कार्यहरू गर्ने ।

### ३.४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) बार्षिक आर्थिक योजना बनाई बैठकमा पेश गर्ने

ख) आय व्ययको हिसाव दुरुस्त राख्ने ।

ग) आर्थिक श्रोतको खोजि गर्ने ।

घ) नियमित लेवि संकलन गर्ने ।

### ३.५) सदस्यहरूको काम, कर्तव्य र अधिकार

क) बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

ख) बैठकमा उपस्थित हुने ।

ग) तोकिएका अन्य कार्य गर्ने ।

# भाग ७

## राजीनामा, पदरिक्तता र पदपूर्ति

**धारा ३३. राजिनामा, पदरिक्तता**

१. राष्ट्रिय समितिका अध्यक्ष लगायत पदाधिकारी तथा सदस्यहरु तथा राष्ट्रिय सल्लाकार समिति, राष्ट्रिय आयोग, राष्ट्रिय विभाग तथा विशेषज्ञ सभा लगायतका केन्द्रीय निकायका कुनै पनि पदाधिकारी तथा सदस्यहरुले राष्ट्रिय समितिका अध्यक्ष समक्ष र राष्ट्रिय समितिका अध्यक्षले राष्ट्रिय समिति समक्ष राजिनामा पेश गर्न सक्नेछन् । राष्ट्रिय समितिका अन्य पदाधिकारी तथा सदस्यहरु वा राष्ट्रिय सल्लाकार समिति, राष्ट्रिय आयोग, राष्ट्रिय विभाग तथा विशेषज्ञ सभा लगायतका केन्द्रीय निकायका कुनै पनि पदाधिकारी तथा सदस्यहरुको राजीनामा महासंघका अध्यक्षले र अध्यक्षको राजीनामा राष्ट्रिय समितिले स्वीकृत गर्नेछन् ।

२. धारा ३३ को (१) मा उल्लेखित बाहेक कनै पनि मातहत समितिको अन्य पदाधिकारी तथा सदस्यले सोही समितिका अध्यक्ष समक्ष र अध्यक्षले सम्बन्धित समिति समक्ष राजीनामा दिन सक्नेछन् । राजीनामा स्वीकृत गर्ने अधिकार अन्य पदाधिकारी तथा सदस्यको अध्यक्षलाई र अध्यक्षको सम्बन्धित समितिलाई हुनेछ ।

३. देहायका अवस्थामा राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरुको पद रिक्त भएको मानिनेछः

क) मृत्यु भएमा ।

ख) राजीनामा स्वीकृत भएमा ।

ग) अनुशासनको कारवाहीमा परि निष्कासित भएमा ।

घ) मानसिक सन्तुलन गुमाएमा ।

ङ) विना सूचना तथा पर्याप्त कारण विना लगातार ३ वटा बैठकमा वा पटक-पटक गरी ५ पटकसम्म सम्बन्धित समितिको बैठकमा उपस्थित नभएमा त्यस्तो सदस्य क्रियाशिल समितिको जिम्मेवारीबाट स्वतः हट्ने छ ।

च) सदस्य संघहरुबाट निर्वाचित भएका व्यक्ति उक्त संघले निष्काशन गरेमा बा संघको विघटन भएमा वा सदस्य संघ महासंघबाट अलग भएमा त्यस संघको प्रतिनिधि सदस्यहरुको पद रिक्त भएको मानिनेछ ।

छ) पदाधिकारी तथा सदस्यले नेपाली नागरिकता परित्याग गरेमा किसान महासंघ पनि परित्याग गरेको ठहरिनेछ, त्यस्तो अवस्थामा पदपूर्ति सम्वन्धित समितिको वहुमतले गर्न सक्नेछ ।

४. जुनसुकै कारणबाट भएपनि रिक्त हुनआएको पदलाई सम्बन्धित तहको समितिको बहुमतको निर्णयबाट पदपूर्ति गर्न सकिनेछ ।

# भाग ८

## अनुशासनको कार्वाही

### धारा ३४. अनुशासनहिन तथा खराब आचरण

देहायको अवस्थामा अनुशासनहिन तथा खराब आचरण मानिनेछ :

१. तोकिएको जिम्मेवारी बहन नगरेमा ।

२. महासंघको विधान, कार्यक्रम, नीति, निर्णय विपरित कार्य गरेमा वा नेतृत्वको निर्देशन पालना नगरी त्यसको वर्खिलाप गर्दै हिंडेमा ।

३. समानान्तर संगठन खोलेमा वा अरु कनै किसान संघ/संगठन/महासंघको सदस्य बनेमा ।

४. गलत उद्देश्यहरुबाट प्रेरित भई संगठनमा घुसपैठ गरेमा वा संगठन विरोधी गुप्त वा खुल्ला गतिविधि गरेको थाहा भएमा ।

५. महासंघको नेतृत्वमा संचालित आन्दोलनको विपक्षमा कनै किसिमको अभिव्यक्ति दिएमा वा विपक्षीहरुसंग सांठगांठ गरेमा ।

६. चरित्रहिन तथा नैतिकहिन कार्य गरेको ठहरेमा आर्थिक अनुशासन पालना नगरी संगठनको सम्पत्ति दुरुपयोग, हिनामिना वा भ्रष्टाचार गरेमा ।

७. महासंघको प्रतिष्ठामा आँच आउने कुनै कार्य गरेको प्रमाणित भएमा ।

### धारा ३५. कार्वाही

धारा ३५ अनुसार अनुशासनहिन तथा खराब आचरण गरेमा निम्न कार्वाही गर्न सकिनेछः

१. गल्ती वा अपराधको प्रकृति हेरी समितिले आरोपित व्यक्तिलाई आलोचना, कडा आलोचना, लिखित रुपमा आत्मालोचना गराउने,चेतावनी दिने, स्पष्टिकरण माग्ने, पद वा समितिको सदस्यबाट निलम्बन तथा निष्काशन गर्ने र महासंघको सदस्यबाट नै हटाउने कार्वाही गर्नसक्ने छ ।

२. कुनै पनि घटक संघ वा व्यक्ति सदस्यलाई कार्वाही गर्नु पूर्व आरोपित व्यक्तिलाई सुनवाईको मौकाबाट वञ्चित गरिने छैन ।

३. धारा ७८ को उपधारा (१) अनुसार कार्वाही गर्दा सम्बन्धित समितिको बहुमत आवश्यक हुनेछ र महासंघको सदस्यताबाट नै हटाउने कार्वाही गर्दा राष्ट्रिय समितिको अनुमती हनुपर्नेछ ।

४. धारा ५७ मा उल्लेखित क्रियाकलापहरु गर्ने हरेक तहका समितिले अनुशासनको कार्वाही गर्दा आफुभन्दा ठिक माथिल्लो तहको समितिको अनुमति लिनुपर्नेछ र राष्ट्रिय समितिका सदस्यहरुको हकमा राष्ट्रिय समितिले नै गर्नेछ ।

५. महासंघका विरुद्ध शत्रुतापूर्ण कार्वाही गरेको अवस्थामा बाहेक कनै पनि सदस्य वा समिति उपर अन्तिम कार्वाही गर्नुअघि स्पष्टीकरण दिने मौका दिईनेछ ।

६. आफुमाथि भएको कार्वाही उपर चित्त नबुझेमा कुनै पनि सदस्य वा समितिले माथिल्लो समितिमा पुनरावेदन दिनसक्ने छ ।

# भाग ९
## कोष

**धारा ३६. कोष**

१. **महासंघको कोष देहाय बमोजिम हुनेछः**
महासंघलाई आर्थिक रुपमा सवल र सक्षम बनाउँन महासंघको छुट्टै कोष हुनेछ । राष्ट्रिय समितिको निर्देशनको अधिनमा रही मातहत समितिले समेत कोष खडा गरी संचालन गर्न सक्नेछन् । महासंघको कोषमा जम्मा हुने आयस्रोत निम्न बमोजिमको हुनेछ ः

क) आवेदन शुल्क र सदस्यता शुल्क ।
ख) सदस्यहरुको लेवि संकलन
ग) चन्दा र सहयोग संकलन ।
घ) विशेष अनुदान तथा बिभिन्न क्षेत्र वा अभियानबाट प्राप्त हुने रकम ।
ङ) विभिन्न प्रकाशन विक्रिबाट प्राप्त रकम ।
च) स्वदेशी तथा विदेशी दातृ संस्था र सरकारबाट कृषि विकास सम्बन्धि कार्यक्रम संचालन, अनुसन्धान, प्रविधि हस्तान्तरण र कृषक सहयोगका क्षेत्रमा प्रदान गरिने ऋण, सहयोग तथा अनुदान वापत प्राप्त हुने रकम ।
छ) अन्य ।

२) **महासंघको कोष परिचालन**
महासंघको कोष र यसको सञ्चालन देहाय बमोजिम हुनेछः

क) महासंघको कोषमा धारा ३६ (१) बमोजिमको रकम राखिनेछ ।
ख) कोष संचालन आर्थिक विभागले तयार गरेको आर्थिक नियमावली अनुसार कार्यान्वयन गरिनेछ ।
ग) महासंघ, यसका सबै तहका समितिहरु र घटक संघले खर्चमा मितव्ययिता अपनाउँनु पर्नेछ र सम्पूर्ण आम्दानी  खर्चको विवरण आ-आफनो समितिमा जानकारी गराई बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**धारा ३७. महासंघको अचल र जीन्सी सम्पत्ति**

१) महासंघको चल तथा अचल सम्पत्तिको पूर्ण लगत तोकिए बमोजिम खातामा दुरुस्त गरिनेछ।

२) सबै नगद तथा चल सम्पति बैक तथा लकरमा राखिनेछ।

३) यो महासंघ अन्य संघहरुमा सम्मिलन भई नयाँ नेतृत्व कायम भएमा यसको सम्पत्ति र दायित्वको अधिकार नयाँ उत्तराधिकारी महासंघको हुनेछ।

४) अखिल नेपाल किसान महासंघ विघटन भएमा यसको सबै सम्पत्ति तथा दायित्व नेपाल सरकारको अधिनस्थ हुनेछ

**धारा ३८. लेखा परिक्षण**

१. महासंघको सम्पूर्ण आय-व्ययको हिसाब आर्थिक विभागले राख्नेछ।

२. महासंघको हरेक आ.व. को आय-व्ययको हिसाब नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकद्वारा लेखापरिक्षण गराउनु पर्नेछ।

३. लेखा परिक्षणको प्रतिवेदन राष्ट्रिय सम्मेलन तथा महासम्मेलनमा प्रस्तुत गरी अनुमोदन गर्नुपर्नेछ।

४. महासंघ र यसका आवद्ध संघका सबै तहका समितिहरुले आफनो आर्थिक अभिलेख दोहोरो लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ।

५. महासंघका सबै तहका समितिहरु र यसमा आवद्ध संघका सबै तहका समितिहरुले हरेक आ.व.को वार्षिक हिसावको लेखापरिक्षण गराउनु पर्नेछ र सो को प्रतिवेदन महासंघको राष्ट्रिय समितिको कार्यालयमा पेश गर्नुपर्नेछ।

## भाग १०.
## विविध

**धारा ३९. महासंघले घटक संघलाई नीति निर्देशन गर्ने**
किसान महासंघको उद्देश्य प्राप्तिका लागि महासंघले माथि उल्लेखित कार्यहरु बाहेक देहाय बमोजिम कार्यहरु गर्नेछः

१) आवद्ध घटक संघको विधानले दिएका अधिकार उल्लंघन नहुने गरी त्यस्ता संघहरुलाई आवश्यक नीति निर्देशन जारी गर्ने ।
२) महासंघको लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम लागू गर्नकालागि अनुगमन, निरिक्षण र निर्देशन तथा अन्य आवश्यक काम कार्यवाही गर्ने/गराउने ।
३) देशभित्र रहेका अन्य किसान संघ/संगठन/महासंघहरुसंग सहमति हुनसक्ने सवालहरुमा संयुक्त आन्दोलन संचालन गर्न वा किसान मञ्च निर्माण गर्न सक्नेछ ।
४) विश्वका विभिन्न देशका किसान संघ संगठनसंग आवश्यकता अनुसार किसान मञ्चहरुमा सामेल हुनसक्ने ।
५) आवद्ध घटक संघहरुले महासंघको विधानलाई पालना गरी केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, निर्वाचन क्षेत्र समिति, पालिका समिति र सबैभन्दा तल्लो आधारभूत ईकाइको रुपमा उत्पादक समुह समेत ६ तहको ढाँचामा आफनो संगठन निर्माण गरी परिचालन गर्नेछन् ।

**धारा ४०. महासंघमा सम्मिलन हुनसक्ने**
१. महासंघका नीति, बिचार र कार्यक्रमसंग सहमत रहने अन्य किसान संघहरु महासंघमा सम्मिलन हुनसक्ने छन् र किसान संघ /संगठनहरु घटक सदस्यका रुपमा समावेश हुन सक्नेछन् ।
२. महासंघमा सम्मिलन गर्ने गराउने सम्बन्धि आवश्यक काम कार्वाही राष्ट्रिय समितिले तय गर्नेछ ।
३. राष्ट्रिय समितिले आवश्यक परेमा महासंघमा सम्मिलनका लागि विधान संशोधन लगायत महासम्मेलनबाट पछि अनुमोदन गर्ने गरी महासम्मेलनको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

४. राष्ट्रिय समितिको निर्णयको आधारमा कुनै पनि अन्तर्राष्ट्रिय किसान संघ/संगठन वा आन्दोलनको सदस्य बन्न, त्यसमा भाग लिन र त्यसप्रति ऐक्यवद्धता प्रकट गर्न सक्नेछ।

**धारा ४१. वैदेशिक सम्बन्ध**

राष्ट्रिय समितिको निर्णय अनुसार विश्वका विभिन्न देशका किसान संघ र त्यससंग सम्बन्धित विविध संघ/संगठन वा संस्थासंग मैत्री एवं बन्धुत्वपूर्ण सम्बन्ध विस्तार गर्न सकिनेछ। महासंघ आवद्ध घटक संघहरुले कुनै संस्थासँग सम्पर्क गर्नु पर्दा महासंघको विदेश विभागमार्फत गर्नु पर्नेछ।

**धारा ४२. कर्मचारी नियुक्ति**

महासंघले विधान बमोजिम कार्य सम्पादन गर्न आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ।

**धारा ४३. अधिकार प्रत्यायोजन गर्नसक्ने**

यस महासंघको उद्देश्य प्राप्त गर्नका लागि विभिन्न कार्य सम्पादन गर्न राष्ट्रिय समितिले स्थायी समिति, सचिवालय वा मातहतका समिति वा विभागबाट कुनै मातहत समिति वा राष्ट्रिय समिति सदस्य बा अन्य कुनै पदाधिकारी वा सदस्यलाई नीजले गर्नुपर्ने काम, कर्तव्य र. अधिकार समेत तोकि अधिकार प्रत्योयोजन गर्न सक्नेछ।

**धारा ४४. भर्चुवल बैठक**

महासंघका विभिन्न समितिहरुका भर्चुवल बैठकहरुले गरेका निर्णयहरु पनि भौतिकरुपमा उपस्थित भएसरह मान्य हुनेछन् । यस्ता बैठकहरुमा कोरम पुगेको पुष्ट्याई रेकर्डको रुपमा राख्नु पर्नेछ। यस्ता बैठकहरुबाट भएका निर्णयहरु माथिल्लो समितिबाट अनुमोदन गराउनु पर्नेछ।

**धारा ४५. विधान संशोधन**

यो विधान महासम्मेलन वा विधान अधिवेशनको बहुमतले संशोधन गर्न सक्नेछ।

**धारा ४६. नियंम बनाउँन सक्ने**

राष्ट्रिय समितिले विधानसंग नबाभ्किने गरी नियमवली र आचार संहिता बनाई जारी गर्न सक्नेछ। त्यस्तो नियम र आचारंहिता सबैले पालना गर्नु अनिवार्य हुनेछ।

**धारा ४७. बाधा अडकाउ फुकाउने**

यो विधान कार्यान्वयको शिलशिलामा कनै बाधा उत्पन्न भएमा राष्ट्रिय समितिले बाधा अडकाउ फुकाउन सक्नेछ।

**धारा ४८. विशेष महासम्मेलन**

१. ठोस कार्यसूचि र उचित कारण देखाई दुई तिहाई घटक संघ वा ती संघ अन्तर्गतका ५१ प्रतिशत सदस्यले लिखित रुपमा माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र राष्ट्रिय समितिले महासम्मेलनको आयोजना गर्नेछ।

**धारा ४९. समथ ग्रहण**

महासंघका राष्ट्रिय समिति तथा त्यस मातहतका समितिहरु र महासंघमा आवद्ध घटक संघहरु र त्यसका मातहतका सबै तहका समिति गठन वा निर्वाचित भएका पदाधिकारी तथा सदस्यहरुले अनुसूचि-२ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ। सोही वमोजिमको सपथपत्रको एक प्रति कागजमा हस्ताक्षर गरी सपथ ग्रहण गराउने अधिकारी समक्ष प्रस्तुत गर्नुपर्नेछ।

# अनुसूचि – १
## सपथ ग्रहण

म ................... आफनो नाम उल्लेख गर्ने) अखिल नेपाल किसान महासंघको गौरवमयी झण्डा अगाडि उभिएर यो सपथ लिन्छु कि,

म नेपाली किसानको हित र अधिकारका लागि सदा सर्वदा लागिरहने छु।

म अखिल नेपाल किसान महासंघको विधानको निशर्त पालना गरिरहनेछु ।

म अखिल नेपाल किसान महासंघको लक्ष्य, उद्देश्य र कषि क्रान्तिको कार्यक्रम प्रति प्रतिवद्ध रही महासंघको काममा सधैं दृढतापूर्वक लागिरहनेछु ।

म महासंघको संगठनात्मक अनुशासनको सदा पालना गरिरहनेछु र आवश्यक गोपनीयताको संरक्षण गर्नेछु ।

म दलाल तथा वैदेशिक एकाधिकार पूँजीवाद र साम्राज्यवादको विरोध गरिरहनेछु ।

म सबै किसिमका विभेद, अन्याय, अत्याचार तथा अपमानकारी व्यवहारका विरुद्ध संधै खडा भइरहनेछ्नु ।

म नेपाल राष्ट्र र जनताको हितलाई सर्वोपरी राखी लोकतन्त्र र राष्ट्रियताको संवर्द्धन, संरक्षण तथा समाजवाद स्थापना गर्न सदा लागिरहनेछु ।

म नेपाल राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षणका लागि सदा समर्पित रहनेछु र

म नेपाल राष्ट्रको रक्षाका निम्ति आवश्यकता पर्दा जीवन वलिदान गर्ने प्रतिज्ञा गर्दछु ।

आदरणीय वीर शहिदहरू अमर रहुन्

अखिल नेपाल किसान महासंघ जिन्दावाद ।

अखिल नेपाल किसान महासंघ
Email:peasantsfederation@gmail.com
Website:www.anpfa.org.np